# लेखापरीक्षण प्रतिवेदन

# इलाम

## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय

## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. इलाम अस्पताल | ३ |
| | ३.२. कोष तथा लेखा नियन्त्रक कार्यालय | ४ |
| | ३.३. जिल्ला कृषि बिकास कार्यालय | ४ |
| | ३.४. जिल्ला बन कार्यालय | ६ |
| | ३.५. जिल्ला बिकास समितिको कार्यालय | ९ |
| | ३.६. जिल्ला शिक्षा कार्यालय | १७ |
| | ३.७. जिल्ला जनस्वास्थ्य कार्यालय | १९ |
| | ३.८. डिभिजन सडक कार्यालय | २० |
| | ३.९. डिभिजन सकहारी कार्यालय | २२ |
| | ३.१०. मालपोत कार्यालय | २३ |
| | ३.११. मेची पहाडी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति | २५ |
| | ३.१२. शैक्षिक तालिम केन्द्र | २५ |
| | ३.१३. सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | २६ |
| | ३.१४. सिंचाइ विकास डिभिजन | २८ |
| ४. | आन्तरिक लेखापरीक्षण | ३१ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ३२ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ३४ |
| अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | | ३५ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ३७ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याइ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १४ कार्यालयको विस्तृत र ३६ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ५० सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.६ अर्ब ५ करोड २३ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २३ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २८९ र रु २७ करोड ६८ लाख १९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १६ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समयोजन भएका १४९ दफा र रु.५६ लाख ८७ हजार फछ्यौट भै २३ कार्यालयको १४२ दफार रु.२७ करोड ११ लाख ३२ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या प्रतिक्रियावाट फछ्र्यौट र समायोजन गरी कार्यालयगत व्यहोरा र वांकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा १ लाख ५२ हजार र प्रतिक्रियाबाट १ लाख ९९ हजार समेत रु.३ लाख ५१ हजार असुल भएको छ।

बाँकी बेरुजूमध्ये असुल उपर गर्नुपर्ने ४२ लाख ९५ हजार, अनियमित १५ करोड ६७ लाख ९२ हजार र पेश्की ११ करोड ४६ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## इलाम अस्पताल

१. **दरवन्दी एवं पदपूर्ति :** निजामती सेवा नियमावली,२०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालयबाट प्राप्त दरबन्दी विवरण अनुसार स्वीकृत विभिन्नपदका ६४ दरबन्दी मध्ये ३४ पदहरु रिक्त रहेको छ। स्वास्थ्य संस्था जस्तो संवेदनशील निकायमा लामो समयसम्म महत्वपूर्ण पदहरुको ३४ दरवन्दी पदपूर्ति नहुँदा सेवाग्राहीलाई समयमा स्वास्थ्य सेवा उपलब्ध गराउन कठिनाइ रहेको देखिन्छ । कार्यालयको उद्देश्य अनुसारको कार्यक्रम सुचारु रुपमा सञ्चालन गर्न स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति हुनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था :** प्रत्येक कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । कार्यालयमाखरिद इकाई गठन नभएको, वार्षिक खरिद योजना तयार नभएका, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, पुराना मालसामानको मूल्य नखुलेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नभएको तथा तालुक कार्यालयले निरीक्षण भएको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

३. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ सोही नियमको उपनियम २ वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान नै तयार नगरी सिधै औषधी आपूर्तकवाट दरभाउ लिई अस्पताल विकास समितितर्फ रु.१४,८३,७६९।- सामुदायिक औषधी पसलतर्फ रु.२५,८७,१९७।- र व.उ.शी.नं. ३७००२३३ तर्फ रु.३,००,००।- खरिद गरेको छ । नियमावली तोकेको सम्पूर्ण प्रक्रिया अवलम्बन गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

४. **सटर भाडा :** अस्पताल विकास समितिले २०६३।६४ तथा २०६८।६९ मा सटर भाडा करारनामा गरी भाडामा दिएको छ । सबै करारनामाको सम्झौता अवधी ८ वर्ष देखि २ वर्ष भन्दा अगाडी देखि समाप्त भएकोमा कूनै सम्झौता तथा निर्णय नगरी सटरको भाडा शुरु सम्झौता वमोजिम नै लिने गरेको छ । हाल सटरको उपयोग सम्झौता गर्ने व्यक्तिवाट नभई अन्य व्यक्तिवाट उपयोग भई रहेको देखिएको छ। सम्झौता अवधी व्यतित भएको लामो समयसम्म पनि प्रतिस्पर्धी तरिकावाट भाडा लगाउन समितिले कूनै चासो नलिनु र सम्झौता अवधी समाप्त भइसकेपछि भाडा पुर्नविचार नगरी म्याद गुज्रिएको सम्झौता कै आधारमा भाडा उठाउने कार्यलाई निरन्तरता दिनेकार्य नियमसंगत नहुने भएकोले प्रचलित कानूनको आधारमा प्रतिस्पर्धा गराई सटर भाडा समयसापेक्ष दरमा लगाउनु पर्दछ ।

५. **वहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) वमोजिम भाडारकम भुक्तानी गर्दा १० प्रतिशतले हुने रकम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। अस्पतालले पुरानो तथा नया ९ वटा सटरहरु वहालमा दिई भाडा बापत योवर्ष रु.रु.१४,१६,३९६।- आम्दानी गरेको छ। कानूनी व्यवस्था अनुसार भाडा वापत आयको १० प्रतिशतको दरवाट वहाल कर हिसाव गरी हाल सम्म सरकारी राजस्व खातामा दाखिला गरेको छैन । कानून वमोजिम लाग्ने भाडा कर रु.१,४१,६३९।- राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

६. **भाडा :** अस्पताल विकास समिति र सटर वहालमा लिई वसेका व्यवसायी विच भएको सम्झौता वमोजिम भाडा प्रत्येक महिनामा भाडा वुझाउनुपर्ने उल्लेख छ । सटर वहालमा लिइ वसेका २ जनावाट यो वर्षको भाडा समयमा नवुझाई वक्यौता राखेको छ । सम्झौताका शर्त वमोजिम रु.६६,५५४।-भाडा असुल गर्नुपर्दछ ।

७. **कर दाखिला नगरेको :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेकोमा त्यसको मनासिव कारण खुलाई एक तह माथिको अधिकारीवाट एकै पटक वा २ पटक गरी वढीमा ४५ दिनको म्याद थप गर्न सक्ने व्यवस्था छ । समितिले प्रोत्साहन भत्ता तथा वैठक भत्ता वितरण गर्दा कट्टा गरेको अग्रिम कर रकम हालसम्म सरकारी राजस्व खातामा जम्मा गरेको छैन । दाखिला नगरेको अग्रिम कर रु.९८,६५६।- असुल हुनुपर्दछ ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक कार्यालयले कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणली तयार नगरेको, घर जग्गाको लगत राखेकोमा मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु गरेको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **दरवन्दी तथा पदपूर्ति :** निजामती सेवा नियमावली, २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालयमा ११ स्वीकृत दरवन्दी रहेकोमा ८ पद पुर्ति, ३ पद रिक्त रहेको, रिक्तमध्ये ३ जना करार गरी ११ जना कार्यरत रहेको छ । समयमै पदपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक कार्यालयले कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणली तयार नगरेको, घर जग्गाको लगत राखेकोमा मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु गरेको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **दरवन्दी तथा पदपूर्ति :** निजामती सेवा नियमावली,२०५० को नियम १३ र १३क बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालयमा ५२ स्वीकृत दरवन्दी रहेकोमा ३६ पद पुर्ति, १६ रिक्त रहेको र रिक्तमध्ये २ जना करारमा एवं ३८ जना कार्यरत रहेको देखिन्छ । कार्यालयको स्वीकृत दरवन्दीको पद पूर्ति नहुँदा आवश्यक सेवाहरु प्रवाह गर्न कठिनाइ हुने भएकाले रिक्त दरवन्दी पदपूर्ति गर्ने तर्फ आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

३. **अनुदान वितरण :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(७) बमोजिम लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र

अनुदान रकमको वितरण, उपयोग समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ। कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न १० कार्यक्रम २०६७९ व्यक्ति, २८८ समुह, १८० सहकारी र २ समिति समेत २०९५३ लाई अनुदान रकम रु.२,४८,९३,०००। अनुदान वितरण गरेकोमा साना सिंचाई तर्फ समुह तथा सहकारीले खर्चको सार्वजनिक सुनुवाई गरेको उल्लेख भए पनि अन्य कार्यक्रमतर्फ जिल्लामा मात्र सार्वजनिक सुनुवाई गरेको छ। सहकारी तथा समुहले भेला गराई खर्चको सार्वजनिकिकरण गरेको नदेखिकोले नियमको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

४. **योजना छनौट तथा अनुगमन :** स्वीकृत वार्षिक कार्यक्रमको लक्ष्य तोकिएको संख्या बरावर कार्यक्रम छनौट गर्नुपर्ने र छनौट कार्यक्रमको अनुगमन गर्नुपर्दछ। विभिन्न कार्यक्रममा तोकिएको संख्या भन्दा बढि हुने गरि जिल्ला कृषि विकास समितिले योजना छनौट गरेको र छनौट कार्यक्रमको अनुगमन गरि प्रगति समिक्षा गरेको छैन। स्वीकृत वार्षिक कार्यक्रम संख्याको सिमाभित्र रहि कार्यक्रम छनौट नगर्दा योजना संख्या बढि हुने र न्यून बजेट विनियोजन हुँदा कार्यक्रमको उपलब्धी न्यून हुने एवं कार्यक्रमको अनुगमन निरीक्षण एवं मूल्यांकनमा बढि जनशक्ति खटाउँदा प्रशासनिक खर्च बढि हुने देखिन्छ र अनुगमन एवं सुपरिवेक्षणमा पक्ष कमजोर हुन जान्छ। समितिले स्वीकृत बार्षिक कार्यक्रमको संख्याको दायरामा रहि योजना छनौट गर्नुपर्ने र छनौट भएका योजनाको अनुगमन गरि प्रगति समिक्षा गर्नुपर्दछ।

५. **आयोजना निर्माण गुणस्तर :** एचडिपिई पाइप प्रयोग गरी सिंचाई आयोजना निर्माण गर्दा योजनाको गुणस्तरयुक्त वनाउन २० सेमी देखी ६३ सेमी गोलाई भएका पाईप ९० सेमी गाड्नु पर्ने ईन्जिनियरीङ मापदण्डमा उल्लेख छ। एच डिपिइपाइपबाट सिचाई गर्ने योजनाको लागत अनुमान बनाउँदा योजनामा खपत हुने पाईपमध्ये ६० प्रतिशत भन्दा बढी मात्रामा खुल्ला जडान र ४० प्रतिशत भन्दा कम पाईप मात्र २० सेमीको गहीराईमा गाड्ने गरी लागत अनुमान गरेको छ। उपभोक्ता समितिले योजना सम्पन्न गर्दा लागत अनुमान वमोजिम बमोजिम ६० प्रतिशत भन्दा बढी खुल्ला जडान र ४० प्रतिशत भन्दा कम १५ सेमी गहीराईमा पाइपहरु गाडेको छ। यसरी सम्पन्न भएका ११ योजनामा २० देखी ६३ सेमी भित्रका विभिन्न साईजका १६४३४ मिटर पाईप खपत भई सो बपत रु. १५,३६,९८३।- खर्च हुन गएको छ। ईन्जिनियरीङ मापदण्ड नअपनाई सम्पन्न गरेको कार्य गुणस्तरीयनहुने हुँदा ईन्जिनियरीङ मापदण्ड अनुसार लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **वीउ पुँजी कोष :** बीउ पुँजी कोषको लागि स्थानीय निकायलाई दिने अनुदान परिचालन गर्ने कार्यविधि समेत स्वीकृत गरी कार्यन्वयन गर्ने जिल्ला स्तरीय कार्यालयलाई मन्त्रालयले उपलब्ध गराउनु पर्दछ। यस वर्ष आलू तरकारी मसला तथा बाली विकास निर्देशनालयबाट आलू वीउ उत्पादन सम्बन्धि कार्यक्रममा दुई वटा वीउ पुँजी कोष सञ्चालन गर्न कार्यक्रम स्वीकृत गरि पठाइएकोमा वीउ कोष परिचालन कार्यविधि उपलब्ध गराएको छैन। कार्यालयले २ सहकारीलाई वीउकोष सञ्चालनको लागि रु.१ लाख दरले जम्मा गराई अनुदान बापत २ लाख भूक्तानी गरेको छ। कोष सञ्चालन कार्यविधिको अभावमा यो रकमबाट वीउ कोष सञ्चालन गर्ने निकायले कति अवधि सम्म सञ्चालन गर्नुपर्ने हो, कोष बापतको रकम फिर्ता गर्नुपर्ने हो वा सोही निकायको हुने हो एकिन भएन। सम्वद्ध निकायले स्पष्ट सञ्चालन निर्देशिका स्वीकृत गरी वीउपुँजी कोष कार्यान्वयन गर्नुपर्दछ।

# जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । कार्यालयले पुराना मालसमानको मूल्य नखुलेको,घर जग्गाको लगत नराखेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि  कार्यक्रम व्यवस्थित नगरेको, गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्वावधिक नराखेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु गरेको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **दरवन्दी तथा पदपूर्ति** : निजामती सेवा नियमावली, २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालयमा १३० स्वीकृत दरवन्दी रहेको मध्ये ९५ पद पुर्ति भएको, ३५ पद रिक्त रहेको र रिक्तमध्ये १० जना करार र १ जना फाजिल गरी १११ जना कार्यरत रहेको छ । रिक्त दरवन्दी पदपूर्ति गर्ने र फाजिल दरवन्दी मिलान गर्नुपर्दछ ।

३. **रासन खरीद व्यवस्थापन** :सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) वमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्ने भन्ने व्यवस्था छ । खरिद सम्झौता वमोजिम खरिद भएका रासन सामाग्रीको सम्झौता वमोजिम तोकिएको परिमाण, मूल्य, स्पेशिफीकेसन, उत्पादन मिति, स्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार नगरेकोले निरीक्षण प्रतिवेदनको आधारमा विवरण तयार गरी वितरण गर्नुपर्दछ । साथै, यस वर्ष २ वटा  राशन खरिद कार्यको लागि आपुर्तिकर्तासँग सम्झौता भएकोमा लागत अनुमान अंक र कवोल अंक बिच न्यून प्रतिस्पर्धा भएको तथा बोलपत्र बिक्री संख्याको तुलनामा बोलपत्र दाखिला संख्या समेत न्युन देखिन्छ । लागत अनुमानको तुलनामा स्वीकृत अंकको फरक न्यून रहेकोले खरिद कार्यमा प्रतिस्पर्धा हुने गरी गराउन तर्फ ध्यान दिनुपर्दछ  ।

४. **लेखापरीक्षण प्रतिवेदन** : सामुदायिक वन उपभोक्ता समुहले वन ऐन,२०४९ को दफा ४४(१) बमोजिम वार्षिक प्रतिवेदन र वन नियमावली,२०५१ को नियम ३६(२) बमोजिम आम्दानी खर्चको लेखा परीक्षण गराई सो को प्रतिवेदन नियम ३६(३) अनुसार जिल्ला वन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । यसवर्ष वार्षिक र लेखापरिक्षण प्रतिवेदन प्राप्ती र वन विकास खर्चको विवरण अध्यावधिक नभएकाले सो तयार गरी पेश गर्न लगाउनु पर्दछ ।

५. **वन अतिक्रमण** : वन अतिक्रमण नियन्त्रण रणनीति,२०६८ र वन क्षेत्र सुरक्षा योजना,२०७० अनुसार कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउन प्रयास गर्नुपर्दछ । कार्यालयले पेश गरेको विवरण अनूसार जिल्लाको ३२ स्थानको ३०५८.७८ हेक्टर अतिक्रमण भएकोमा अतिक्रमण हटाएको देखिएन । अतिक्रमण हटाउने तर्फ आवश्यक कार्यवाही गर्नुपर्दछ ।

६. **वन मुद्दा** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०६४ को दफा १५ बमोजिम यस ऐन वा प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले निश्चित अवधी भित्र निर्णय गर्नुपर्ने व्यवस्था छ । साथै वन पैदावार सम्वन्धी चोरी निकासी मुद्धा २ वर्ष भित्र फछ्र्यौट गर्नुपर्ने देखिन्छ । काठ चोरी, वन अतिक्रमण र वन्यजन्तु लगायतका मुद्दा गरी गत वर्षको अल्या ९ यस वर्ष दर्ता

८ समेत गरी १७ मध्ये गत वर्षको ८ वटा र यस वर्षको ३ वटा गरी जम्मा ११ वटा फछ्र्यौट भई ६ वटा बाँकी रहेको देखिन्छ

७. **खर्च सार्वजनिक :** सार्वजनिक खरिद नियमावली२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्च सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्था छ। सामुदायिक वन उपभोक्ता समुह मार्फत तारवार सहितको बृक्षारोपण, विरुवा उत्पादन लगायतका कार्य गरेकोमा कार्य सम्पन्न पश्चात समितिबाट खर्च अनुमोदन भए पनि उपभोक्ताको भेला गराई खर्चको अनुमोदन एवं सार्वजनिकरण गरेको प्रमाण पेश भएन। खर्चको सार्वजनिकरण नर्हुदा खर्चको पारदर्शिता नहुने भएकाले खर्च सार्वजनिक गरेको प्रमाणको आधार समेत लिई उपभोक्ता समितिको भुक्तानी गर्नुपर्दछ।

८. **काठ मौज्दात :** संकलन गरी घाटगद्दी गरिएका काठ दाउरा समयमा नै विक्रि वितरण हुन नसकेको अवस्थामा काठ दाउराको गुणस्तमा ह्रास आई हैसियत विग्रने, हराउने एवं चोरी समेत हुन सक्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न जातका ७१११.६० क्यु.फि. काठ मौज्दात रहेता पनि उक्त काठहरु भौतिकरुपमा घाटगद्धीमा रहेको देखिएन । जिल्ला वन कार्यालय, टि.सि.एन., जिल्ला वन पैदावार आपुर्ति समितिको स्वामित्वमा रहेको काठ भौतिक रुपमा नभएको हुँदा नेपाल सरकारलाई काठ विक्रिबाट प्राप्त हुने राजस्व नोक्सानी भएको छ। तसर्थ आवश्यक छानविन गरि टुङ्गो लगाउनु पर्दछ।

९. **विरुवा उत्पादन र वितरण :** कार्यालयले विरुवाको उत्पादन, वितरण, मौज्दात र अनुगमनको कार्ययोजना बनाई सो अनुसार कार्यान्वयन गर्नुपर्दछ। कार्यालयले उपलब्ध गराएको विवरणमा बिरुवा उत्पादन ३०३३२५ बितरण २१७७९१ र मौज्दात ८५५३४ रहेको छ। कुन प्रजातीका जम्मा के कति विरुवा कुन कुन अवधिमा वितरण भई वृक्षारोपण हुनुपर्ने हो सो को कार्ययोजना तयार एवं अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन। कुन प्रजातिका विरुवा कहिले उत्पादन, वितरण, रोपण, अनुगमन एवं नर्सरी संरक्षणका विषयमा कार्ययोजना नभएकोले नर्सरी व्यवस्थापनमा असहज हुने हुँदाँ बहुवर्षिय कार्ययोजना सहितको व्यवस्थित नर्सरी स्थापना र अनुगमन गरि प्रतिवेदन गर्नुपर्दछ ।

१०. **वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग :** वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिएकोमा सम्झौता बमोजिम रुख कटान गरि समयमै हस्तान्तरण सम्वन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन्:

१०.१ वन विभाग र नेपाल विद्युत प्राधिकरण, काबेली कोरीडोर १३२ के.भी. प्रसारण लाईन आयोजना बीचको सम्झौताको बुँदा नं. ८ अनुसार आयोजनाले आफ्नै लागत र खर्चमा रुखहरु कटान, मुछान, संकलन र घाटगद्धी गरी सुरक्षित घाटगद्धी भएको जनाउ दिई १५ दिन भित्रमा हस्तान्तरण गर्नुपर्नेछ तर हस्तान्तरण गरिनु भन्दा अगावै चोरी हानी नोक्सानी भएमा आयोजना स्वर्य जिम्मेवार हुनुपर्ने वा काठ दाउराको हकमा बजारको प्रचलित मुल्य अनुसार सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था छ। आयोजनाको पहिलो खण्डको लागि ३५.३५ हेक्टर वन क्षेत्रको जग्गा बढीमा ३५ वर्ष सम्म भोगाधिकार उपलब्ध गराउने र १४०३ गोटा रुखहरु हटाउनको लागि २०६९/१२/१९ मा सम्झौता भई पुन: २०७१/०१/३० मा पुरक सम्झौता समेत भएको छ। इलामको २९.५० हेक्टर वन क्षेत्रमा १२४० गोटा र झापाको रतुवामाई आयोजनाको ५.८५ हेक्टर वन क्षेत्रको १६२ समेत १४०३ गोटा रुखहरु हटाउने सम्झौतामा उल्लेख छ। सो संझौता अनुसार आयोजनालाई रुखहरु हटाउनको लागि संकलन अनुमति दिएको परिमाण र संकलित परिमाण फरक देखाएकोले म्याद समाप्त भए पनि संकलन अनुमति परिमाण भन्दा घटी देखिएको छ। काठ दाउरा हस्तान्तरणका लागि ताकेता गरे पनि घाटगद्धी परिमाण उल्लेख गरि तोकिएको म्याद भित्र हस्तान्तरण भएको

देखिएन । संकलन अनुमति समाप्त पश्चात पनि विवरण पेश नभएकोले आवश्यक जाँचबुझ गरि काठ/दाउरा हस्तान्तरण गर्न लगाई घटी परिमाण देखिएमा प्रचलित मुल्य अनुसारले हुने रकम असुल गर्नुपर्दछ ।

१०.२ वन विभाग र एक हाईड्रोपावर बीच आयोजनाको लागि ३१.९८ हेक्टर वन क्षेत्रको जग्गा बढीमा ४० र २५ वर्ष सम्म भोगाधिकार रहने र ९३६ गोटा रुखहरु हटाउनको लागि २०६७/१०/२५, २०६९/१०/११ र २०७१/०१/२८ मा सम्झौता भएको छ । कार्यालयले पेश गरेको विवरण अनुसार आयोजनाका लागि रुख हटाउनको लागि संकलन अनुमति दिएको, परिमाण संकलित परिमाण र फरक परिमाण लगायतका विषयहरुमा संकलन अनुमति दिएको अवधिको म्याद समाप्त भए पनि संकलन अनुमति परिमाण भन्दा घटी संकलन देखिएको छ । काठ दाउरा हस्तान्तरणका लागि ताकेता गरे पनि घाटगद्धी परिमाण उल्लेख गरि तोकिएको म्याद भित्र हस्तान्तरण भएको छैन । संकलन परिमाण, घाटगद्धी परिमाण, हस्तान्तरण परिमाण वा घटी कटान परिमाणको विवरण आयोजनाबाट खुलाई पेश भएको छैन । संकलन अनुमति समाप्त पश्चात पनि विवरण पेश नभएकोले आवश्यक जाँचबुझ गरि काठ/दाउरा हस्तान्तरण गर्न लगाउन र घटी परिमाण देखिएमा प्रचलीत मुल्य अनुसार रकम असुल गर्नुपर्दछ ।

११. **राजस्व लगत :** आर्थिक कार्यविधी ऐन, २०५५ को दफा ११ मा प्रचलित कानुनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरीगराई राख्नु पर्ने व्यवस्था छ । राजस्वको आर्थिक विवरण अनुसार गत विगत आर्थिक वर्षको लगती राजस्व रु.७,५५,५२९।- असुल गर्न बाँकी रहेको देखिन्छ । उक्त लगत बाँकी रकम विगत वर्षदेखी जिम्मेवारी सर्दै आएकोले छानविन गरि लगत प्रमाणित हुने अभिलेख राख्नुपर्ने व्यहोरा गत विगतको प्रतिवेदनमा औल्याए पनि यथावत रहेकोले टुङ्गो लगाई अशुल पर्दछ ।

१२. **मुल्य अभिवृद्धि कर दाखिला :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार काठ लिलामीमा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । एक उपभोक्ता समितिको समुह बाहिर लिलाम विक्रि साल गोलिया २५७.०९ क्यु.फि.को एक स:मिलले सकार रकम रु.३,४०,०००।- र संकलन खर्च रु.२८,८००।- समेत जम्मा मा रु.३,६८,८०००।- को १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.४७,९४४।- दाखिला गर्नुपर्नेमा रु.४१,३१५।- दाखिला गरेको छ । नियमले तोके अनुरुप दाखिला नभएका कारण घटी मुल्य अभिवृद्धि कर असुल भएकोले नपुग रकम रु.६,६२९।- असुल गर्नुपर्दछ ।

१३. **धरौटी सदस्याहा, लगत तथा कच्चावारी :** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ६४माजुन प्रयोजनको लागि धरौटी राखिएको हो सो अनुसार लगत अध्यावधिक गरी म्याद समाप्त भएको भरौटी सदरस्याहा गर्नुपर्दछ । यस वर्षसम्म रु.२२,५६,१५८।- धरौटी बाँकी रहेकोमा धरौटी कच्चावारी तयार गरेको छैन । नियमले तोके अनुरुप कच्चावारी नराख्दा धरौटी सदरस्याहा गर्ने रकम र नाम नामेसी नखुल्ने भएकाले कच्चावारी तयार गरि म्याद समाप्त भएकाको प्रक्रिया पुऱ्याई सदरस्याहा गर्नुपर्दछ । साथै विना इजाजत अवैध काठ ओसार पसार मुद्दाको फैसला अनुसार जम्मा गरेको धरौटी नियमको व्यवस्था अनुसार सदरस्याहा नगरेको र फरार अभियुक्तको जरिवाना रकम राजस्वमा लगत कसेको छैन । नियमले तोके अनुरुप सदरस्याहा एवं लगत नकसिएको धरौटी रु.४४,८१६।- लगत कसी सदरस्याहा गर्नुपर्दछ ।

१४. **अग्रिम कर :** आयकर ऐन,२०५८ को दफा ८९(१) बमोजिम रकम भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न वन उपभोक्ता समुहहरुले कार्यक्रम सञ्चालन गर्दा १७ फर्महरुलाई भुक्तानी गरेको रकममा अग्रिम कर कट्टा गरेको छैन । नियम बमोजिम कट्टी नगरेको कर रु. १०,३०५।२२ असुल गर्नुपर्दछ ।

१५. **सक्कल विल नभएको** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ सरकारी रकम खर्च सम्वन्धी कार्यविधि उप-नियम(३) वमोजिम खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक फर्मवाट बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी कार्यका सक्कल विल वेगर रु.१,००,०००।- भुक्तानी भएको छ भने कार्ययोजना समेत तयार गरेको छैन । नियमले तोके अनुरुप प्रमाण नराखी खर्च लेखेकोले खर्च पुष्ट्याई एकिन नहुने हुँदा सक्कल विल एवं कार्ययोजना पेश गर्नुपर्दछ ।

# जिल्ला विकास समितिको कार्यालय

## कोष तर्फ

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कानून बमोजिम कार्यालयले आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण परीक्षण गर्दा पुराना मालसमानको मूल्य नखुलेको, घर जग्गाको लगत नराखेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक पदको कार्य विवरण बनाई लागु नगरेको, चल्ती मेसिन र सवारीसाधन मर्मत गर्दा म.ले.प.फा.नं..२ मा अभिलेख आंशिक राखेको, तालुक कार्यालयले निरीक्षण गर्दा देखिएका व्यहोराको कारबाही नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन र कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, सवारी लगबुक अद्यावधिक नगरेको, घरजग्गा तथा स्थीर सम्पत्तिको अभिलेख पूर्ण रुपमा अद्यावधिक गरी नराखेको, आयकर कानून बमोजिम आयकर कट्टी पूर्ण रुपमा नगरेको तथा राजस्व असुलीमा गोश्वरा भौचरको प्रयोग नभएको पाइएकोले कानूनको परिपालना नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । कानूनको परिपालना गरि आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ ।

२. **योजना हस्तान्तरण** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २९(२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई अनुसूची-१६ बमोजिम हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यबस्था मिलाउनु पर्ने ब्यबस्था रहेको छ । कार्यालयले यो वर्ष संचालित योजनामध्ये अधिकांश योजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सम्पन्न भएतापनि सञ्चलित कुल ४२० योजनामध्ये २७८ योजना हस्तान्तरण गरेको छ । हस्तान्तरण भएका योजनाको नियमित रेखदेख र मर्मत सम्भार जिम्मेवारी तोकी हस्तान्तरण गर्ने गरेको छैन । भौतिक रुपमा देखिने योजनाहरु जिम्मेवारी तोकि हस्तान्तरण गर्नुपर्दछ ।

३. **गाविस अनुदान मौज्दात** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउं विकास समितिमा निकासा भएको सवै निःशर्त तथा सशर्त, पुँजीगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगाडि भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई बचत हुने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार यस वर्ष गाविस अनुदानतर्फ रु.८,८०,९९,३३०।- निकासा दिएकोमध्ये ७ गाविसमा खर्च नभई बाँकी रहेको रु.८४२८।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी फ्रिज गरेको छैन । बाँकी रहेको रकम असुल गरी फ्रिज गर्नुपर्दछ ।

४ **कर्मचारी कल्याण कोष** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याणकोषमा प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५४ मा स्थानीय परिषद्ले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट कर्मचारी कल्याण कोषमा रकम विनियोजन गर्नुपर्ने व्यवस्था छ। कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव (प्रशासन अनुदान र कोषतर्फका कर्मचारी) रु.४,८३,५२९।- रहे तापनि कल्याणकारी कोषमा यो वर्ष जि.वि.स.अनुदान खाताबाट रु.१५,३८,१११।- र कोष खाताबाट रु.४०,००,०००।- समेत रु.५५,३८,१११।- ट्रान्सफर गरी २ जना अवकास प्राप्त कर्मचारीहरुलाई उपदान र औषधि उपचार बापत रु.४३,३७,९९३।- खर्च गरी गतको जिम्मेवारी समेत बाँकी रु.४९,३९,८५१।८३ कर्मचारी कल्याण कोषमा मौज्दात रहेको छ। एक महिनाको तलव भन्दा बढी कल्याणकारी कोषमा जम्मा गरेकोरु.५०,५४,५८२।- नियम सम्मत देखिएन।

५. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकम रु.१ करोडभन्दा बढी रहेको अवस्थामा २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ। कार्यालयले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली यस वर्ष आम्दानी बांधेको रु.१,४५,३२,७२८।- को २५ प्रतिशत रु.३६,३३,१८२।- सम्म मात्र खर्च गर्न सक्नेमा रु.९४,४५,२६१।१४ खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु.५८,१२,०७९।१४ बढी खर्च गरेको छ। नियममा तोकेभन्दा बढी खर्च गरेको अनियमित देखिएको छ।

६ **अतिरिक्त समय भत्ता** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन अनुसार निजामती सेवाका कर्मचारीहरुको तलबमानलाई आधारमानी स्थानीय निकायका कर्मचारीहरुको तलवमान निर्धारण गर्नुपर्ने तथा वार्षिक तलब वृद्धि समेत निजामती कर्मचारी सरह नै उपलब्ध गराउनु पर्ने उल्लेख छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ३४ र ५५ मा तोकिएको प्रशासनिक खर्चको परिधिभित्र रहेर मात्रै उपलब्ध गराउन सक्ने व्यहोरा उल्लेख छ। यस वर्ष कर्मचारीलाई मासिक रुपमा स्थानीय भत्ता फिल्ड भत्ता प्रशासनिक खर्चको सिमाभन्दा रु.१८,१२,०७९।- बढी खर्च भुक्तानी गरेको छ। यस प्रकार थप आर्थिक दायित्व पर्ने विषयमा नियन्त्रण गर्नुपर्दछ।

७. **कन्टिन्जेन्सी अभिलेख** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा सो भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यावस्था छ। कार्यालयले आयोजनागत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा सो राख्ने गरेको छैन। यस वर्ष शुरु सम्पन्न भएका आयोजनाको कन्टिन्जेन्सी खर्च सीमा भित्रै देखिएतापनि क्रमागत आयोजनाको कन्टिन्जेन्सी खर्च अभिलेख राखेको नदेखिंदा सीमा भित्र छ भनी एकिन गर्न सक्ने आधार रहेन। कन्टीनजेन्सी खर्चको अभिलेख राखी खर्चमा नियन्त्रण गरिनु पर्दछ।

८. **अनुगमन** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३(३) अनुसार जिल्ला सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्न गठित समितिबाट यस वर्ष जिल्ला विकास समितिबाट सञ्चालित कुल ४२० मध्ये ९१ आयोजनाको मात्र अनुगमन गरेको देखिएको छ। स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा ५४ अनुसार गाउं विकास समितिको कोषबाट खर्च हुने रकमलाई बढी उपलब्धिमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम गराउन वार्षिक कार्यक्रम र बजेट अनुसार गाउं

विकास समितिबाट काम कारबाही भए नभएको, गाउं विकास समितिमा जाने गरी सिफारिस गरिएको रकमको छुट्टाछुट्टै आम्दानी खर्चको हिसाब राखे नराखेको सम्बन्धमा नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था भएकोमा जिल्ला विकास समितिबाट यस वर्ष सञ्चालित योजनाको अनुगमन गरेको छैन । कार्यविधीको प्राधान अनुसार योजना अनुगमन गर्नुपर्दछ ।

९. **स्थानीय विकास कोष** : अति विपन्न वर्गमा लघुउद्यमशीलताको माध्यमबाट वीउकोष पुँजीको रुपमा परिचालन गरी गरीवी घटाउन २०५८ साल देखि जिल्ला विकास समितिमा सचिवालय रहने गरी शुरु गरिएको यो कार्यक्रमवाट लघुवित्त परिचालन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

९.१ कोषबाट यो वर्ष सम्म २२ गाविसका विभिन्न समूहलाई ५ लाखका दरले रकम उपलव्ध गराई संस्थाको अवस्था हेरी ३ वा ४ किस्तामा पुरै रकम कोषमा फिर्ता गर्नुपर्ने शर्त राखी १०% का दरले व्याज निर्धारण गरेको र भाखामा साँवा व्याज नवुझाएमा १% हर्जाना लाग्ने सम्झौतामा उल्लेख छ । कोषबाट भाखा नाघेको कर्जा असुल गर्दा १% शुल्क १ वर्षको मात्र असुल गरेको देखियो । म्याद नाघेको किस्ता रकम प्राप्त हुँदा हर्जना समेत व्याज सरह गणना गरी असुल गर्नुपर्दछ ।

९.२ कोषबाट प्रवाह भएको कर्जा १ वर्ष भित्र साँवा तथा व्याज समेत गणना गरी पुरै किस्ता बुझाईसक्नुपर्ने व्यवस्था सम्झौतामा गरिएको छ । समूह तथा सहकारी संस्थाले १४ ले विगत लामो समयदेखि कस्ता तथा व्याज नबुझाई राखेको देखियो । सम्झौताका शर्त अनुसार रकम नबुझाउने उपर कानूनी कारबाही गरी असुल उपर गर्न कोषबाट कारबाही भएको छैन । साँवा व्याज तथा हर्जना गणना नगरी हिसाव राखेको देखिएकोले लगानी वापत प्राप्त हुनपर्ने रकम स्पष्ट हुन सक्दैन । अद्यावधिक हिसाव देखिने विवरण राखी ऋण रकम रु.१०,४८,६९६।-आवश्यक प्रक्रिया पुरा गरी असुल गर्नुपर्दछ ।

१०. **मर्मत संभार कोष** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१४(२) मा आयोजनाको मर्मत संभारको लागि नियमावलीको नियम ५४ बमोजिम योजनालाई दिगोपन दिन मर्मत संभार कोषको व्यवस्था छ । मर्मत संभार कोषमा जिल्ला विकास समितिले यो वर्ष आन्तरिक आय तथा जिविस अनुदानबाट रु.२१,००,०००।-, केन्द्रिय कार्यक्रमहरु खानेपानी कार्यक्रमबाट रु.४,९०,०००।-, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमबाट रु.८,००,०००।- मर्मत संभार कोषमा जम्मा गरेको छ । मर्मत संभार कोषबाट रकम खर्च गर्दा जिल्ला विकास समितिले निर्माण गरेका आयोजनामा मात्र खर्च गर्नुपर्नेमा समितिले सडक विभागबाट निर्माण भएको राजदुवाली चिसापानी सोक्तिम दानाबारी सडक र दमक चिसापानी रवी सडकमा सडक वोर्डबाट मर्मत संभारका लागि रकम प्राप्त हुने अनुमान गरी रु.३१,४०,०००।- उपभोक्ता समितिबाट काम गराई खर्च गरेको छ । मर्मत संभार कोषमा रहेको रकमबाट यो योजनामा खर्च गर्न नमिल्ने हुँदा सम्वद्ध निकायवाट रकम प्राप्त गरी कोषमा आम्दानी जनाउन पर्दछ ।

११. **परामर्श सेवा खरिद** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३९(१) बमोजिम दशलाख रुपैया भन्दा कम रकमको परामर्श सेवा खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तिनवटा परामर्शदाताबाट लिखित रुपमा प्रस्ताव माग गरी गुणस्तरयुक्त लागत विधिबाट छनौट गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले मौजुदा सूचीमा नरहेको २ परामर्शदातावाट परामर्श सेवा रु.७,५७,०००।- को खरिद गरेको छ । नियमको अनुशरण नगरि परामर्श सेवामा गरेको खर्च नियमित नदेखिएकोले यस प्रकार खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **लक्षित समूहको योजना छनौट** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १० मा लक्षित समूहको कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूंजी निर्माण, सेवा प्रवाह गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवं खर्च गर्नुपर्ने, लक्षित समूहका नाममा कुनै पनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ। त्यसै गरी कार्यविधिको दफा १३ मा कार्यालय सञ्चालन तथा चालु प्रकृतिका खर्च गर्न पुँजीगत बजेटबाट निशेध गरिएको छ । लक्षित समूह समन्वय समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०७१ को दफा ७ र ८ मा समितिका पदाधिकारीको भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्च प्रशासनिक खर्चको सीमाभित्र रही उपलव्ध गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न लक्षित समूहको बजेटबाट उक्त कार्यविधि विपरीत लक्षित समूहको क्षमता विकास, सेवा प्रवाहमा गुणस्तरीयता तथा समूहको पूंजी निर्माणको मापन गर्न नसकिने कार्यक्रममा बजेट विनियोजन तथा कार्यक्रम छनौट गरी खर्च रु.२,१७,०३२।- गरेको छ । कार्यविधिले तोकेभन्दा बाहेकका कार्यक्रममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **वितरणमुखी कार्यक्रम सञ्चालन** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने, सहभागितामूलक योजना तर्जुमाको चरण र प्रक्रिया बमोजिम योजना छनौट गर्नुपर्ने कार्यक्रम सञ्चालन गर्दा कार्यविधिमा उल्लेखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधान पालना गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी जस्ता पाता, पोलिथिन पाइप जस्ता निर्माण सामाग्री, फर्निचर जस्ता वितरणमुखी जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको बिल संलग्न गरी रु.१९,९६,२६६।- भुक्तानी गरेको छ । वितरण गरिएका सामग्री उपयोग भए नभएको सम्बन्धमा प्राविधिकबाट मूल्याकन गर्ने अनुगमन गर्ने गरेको छैन । अनुगमन र मूल्याङ्कन बेगर वितरण गरिएका निर्माण सामाग्रीहरुको उपयोग तथा जिन्सी सामान सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बांधेको प्रमाण तथा अनुगमन प्रतिवेदन नलिई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४. **बढी प्रशिक्षक भत्ता** : अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा कार्यसञ्चालन निर्देशिका, २०७० (पाँचौ संस्करणको दफा ७.१.१५(४) क बमोजिम तालिम केन्द्रहरु बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका (केन्द्रीय र क्षेत्रीय स्तर) तालिमको श्रोत व्यक्ति र प्रशिक्षकको पारिश्रमिक अधिकृतस्तरको तालिममा कक्षा सञ्चालन बापत प्रतिकक्षाको तोकिएको दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । परीक्षण गरिएको एक तालिममा प्रशिक्षकलाई तोकिएको दरभन्दा बढी रु.६,८००।- बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

१५. **भरपाईतथा प्रतिवदेन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४६(३) मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने र सम्बन्धित संस्थाबाट लेखापरीक्षण गराउने गरी अनुदान उपलव्ध गराएकोमा सम्बन्धित संस्थाको लेखापरीक्षण प्रतिवेदन, बजेट खर्च विवरण र अनुगमन प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । कार्यालयले ६ संस्थालाई अनुदान भुक्तानी गर्दा रु.१४,०४,१००।- को विल भरपाई, लेखापरीक्षण प्रतिवेदन, खर्चको विवरण र अनुगमन प्रतिवेदन पेश गरेको छैन । नियमावलीको व्यवस्था अनुसार नगरी अनुदान दिने कार्यले खर्च अनियमित हुने भएकोले नियमानुसार आवश्यक प्रमाण पेश गर्नुपर्दछ ।

१६. **कार्य स्वीकार प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२५ बमोजिम सम्पन्न भएको निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम सम्पन्न निर्माण कार्यको ठेक्का विल भरी नापी पश्चात नापी किताव समेत पेश गर्नुपर्दछ। यस वर्ष ३ योजनाका लागि रु.५,१०,०००।- भुक्तानी गरेको गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गरेको छैन। नियमले तोके अनुरुपका प्रमाण कागजात तयार नगरी भुक्तानी गर्दा खर्चको पुष्ट्याई नहुने भएकोले कार्यस्वीकार प्रतिवेदन पेश गर्नुपर्दछ।

१७. **पटके निर्णयवाट खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने, सहभागिता मूलक योजना तर्जुमाको चरण र प्रकृया बमोजिम योजना छनौट गर्नुपर्ने कार्यक्रम सञ्चालन गर्दा कार्यविधिमा उल्लेखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरु पालना गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष ८ कार्यक्रमहरुमा खर्च गर्दा कार्यविधि अनुसार योजना तथा कार्यक्रम छनौट नगरी विभिन्न संस्थाहरुको कार्यक्रममा पटके निर्णयबाट खर्च गरेको छ। जिल्ला परिषदबाट क्रियाकलाप नखुलाई एकमुष्ट विनियोजन गरी पटके निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

१८. **मुल्य अभिवृद्धि करको जानकारी :** मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ क बमोजिम मुल्य अभिवृद्धि करको भूक्तानीको सम्बन्धीत राजस्व कार्यालयमा जानकारी दिनू पर्ने व्यवस्था छ। कार्यालयले २६ फर्मलाई ठेक्का रु.६३,०७,४६५।- भुक्तानी गर्दा मुल्य अभिवृद्धि करको भुक्तानीको जानकारी दिएको नदेखिएन। ऐनको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर वापत भूक्तानी भएको रु.८,१९,९७०।५० सम्बन्धीत आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

१९. **वातावरण विकास कोष :** जिल्ला विकास समितिको कार्यालय र एक संस्था विच ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अर्न्तगत २० गा.वि.स.का ७००० घरधुरीमा सुधारिएको चुल्हो कार्यक्रम प्रवर्द्धनका लागि सम्झौता भएको देखिन्छ। यस वर्ष उक्त संस्थालाई यस बर्षमा रु.१५,८७,४५०।- उपलब्ध गराउने सम्झौता भएको रु.१३,३५,९३५।- र गत बर्षको भुक्तानी बाँकी रु.१९,१६५।- समेत रु.१३,५५,१००।- भुक्तानी गरेको छ। सम्झौता बमोजिम कति घर धुरीमा सुधारिएको चुल्हो निर्माण भएको हो भौतिक तथा आर्थिक प्रतिवेदन संस्थाले कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा प्रगति विवरण नलिई खर्च लेखिएको छ। संस्थालाई कर विजक वेगर भुक्तानी कूल रु.१३,५५,१००।- गरेको र मूल्य अभिवृद्धि करमा दर्ता भएको उक्त संस्थाको भूक्तानीमा आय कर ऐन, २०५८ को दफा ८९(१) बमोजिम १.५% ले कट्टा गर्नुपर्ने कर कट्टा नगरेकोले रु.२०,३२६।- असुल गरी दाखिला गर्नुपर्दछ।

२०. **पेश्की बाँकी :** स्थानीय निकायको आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा प्राप्त पेश्की बाँकीको एकिकृत विवरण अनुसार गत वर्ष सम्मको फछ्र्यौट गर्न बांकी पेश्की रु.९८,९२,७०६।५५ फछ्र्यौट गर्न बाँकी देखिएकोले पछ्र्यौट गर्नु पर्दछ साथै यो वर्षको फछ्र्यौट गर्न विभिन्न संस्था नगरपालिका र गाविसका नाममा बांकी पेश्की रु. १६,२५,०००।- स्थानीय निकायको आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ र १९० बमोजिम फछ्र्यौट गर्नुपर्दछ।

## केन्द्रीय कार्यक्रमतर्फ

२१. **घटी लागत सहभागिता राखेको** : स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमबाट संचालित सडक निर्माण कार्यमा उपभोक्ता उपभोक्ता लागत सहभागिता २० प्रतिशत हुन पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष निर्माण गरेका १२ सडकमा उपभोक्ता समितिसँग सम्झौता गर्दा २०% ले हुने रु.१४,०३,३७६।- जनसहभागिता कट्टा गर्नुपर्नेमा रु.११,६८,९६७।- मात्रको कट्टा गरेकोले आयोजना कार्यान्वयन गर्न दिने निकायको निर्देशनको पालना नभई रु.२,३४,४०९।- वढी खर्च भएको छ । तोकिएको जनसहभागिताको अंश सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

२२. **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) बमोजिम वस्तु तथा सेवा प्रदायकले तोकिएको अवस्थामा बाहेक प्रापकलाई विजक दिनुपर्ने र सोही दफाको उपदफा ३ बमोजिम कर विजक लिनु पर्ने प्रापकको समेत कर्तव्य हुने उल्लेख छ । एक निर्माण व्यवसायीको र एक संस्थाको विल रकम भुक्तानी गर्दा कर विजक लिएको छैन । नियमको व्यवस्था अनुसार विजक वेगर मूल्य अभिवृद्धी कर दिन नमिल्ने हुँदा सोही नियमको दफा २९ बमोजिमको प्रक्रिया पुरा गरि मूल्य अभिवृद्धि कर वापत भूक्तानी भएको रु.३,५९,६०५।- असुल गर्नुपर्दछ ।

२३. **टुल्स वापतको भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली,२०६४ को नियम ४६(६) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । खानेपानी योजना निर्माण गर्न लाग्ने हिटिङ्ग प्लेट, हेक्सो व्लेड तथा फ्रेम लगायतका सामानहरु समावेश गरी लागत अनुमान अनुसार उपभोक्ता समितिसंग सम्झौता गरेको छ । उपभोक्ता समितिलाई उपलब्ध गराउने त्यस्ता टुल्सको भुक्तानी खरिद विलको आधारमा गर्नुपर्नेमा लागत अनुमानमा समावेश भए बमोजिम रु.१,४८,३७७।- गरेको छ । उपभोक्ताले टुल्स रु.१,०४,८५४।- मात्र खरिद गरेको देखिएकोले जाच नगरी वास्तविक खर्च भन्दा बढी भुक्तानी दिएको रु.४३,५२३।- असुल गर्नुपर्दछ ।

२४. **रकम ट्रान्सफर** : स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ को दफा ४७ मा चालु तथा पूँजीगत अनुदान रकम आ.ब.को अन्तमा खर्च नभई बाँकी रहेमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्रामिण खानेपानी तथा सरसफाई तर्फ निकासा लिएको रकममध्ये खर्च नभई बाँकी रहेको रु.१,००,०००।- ल्याव व्यवस्थापनको लागि भन्ने व्यहोरा जनाई स्थानीय विकास घुम्ती कोषमा ट्रान्स्फर गरेको छ । केन्द्रिय बजेटबाट प्राप्त रकम फ्रिज नगरी जि.वि.स.कोषमा ट्रान्सफर गर्न नपाईने हुँदा सो रकम राजस्व दाखिला गर्नुपर्दछ ।

२५. **सम्झौता नविकरण** : समुदायमा आधारित झोलुङ्गे पुल निर्माणमा एक गैर सरकारी संस्थासँग कार्य प्रत्यायोजन गरी समूह गठन, परिचालन, निर्माण गर्नुपर्ने पुलको पहिचान तथा लागत अनुमान तयारीको कार्यमा सहयोग गर्न २०७०।१२।२७ मा झोलुंगे पुलको प्रत्यक्ष लागतको ६% सेवाशुल्क दिने गरी सम्झौता गरेको छ । कार्यप्रत्यायोजन सम्झौताको दफा ५.१ मा हस्ताक्षर मिति देखि ३ वर्ष अवधि रहने उल्लेख छ । यसैगरी सो संस्थासँग २०७२।११।३० मा यो वर्षको लागि छुट्टै सेवा शुल्क सम्बन्धी सम्झौता गरेको छ । बहुवर्षिय ठेक्का सम्झौता गर्ने र तत् पश्चात पनि सोही दरमा कार्य गराउने गरी सम्झौता नविकरण गर्ने व्यवस्थाले प्रतिस्पर्धी रुपमा सेवा खरिद हुन सकेको छैन । कार्यालयले प्रतिस्पर्धात्मक तवरबाट सेवा खरीद गर्न स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ७६ र ७७ को परिधि भित्र रही सेवा खरीद गर्नुपर्दछ ।

२६. **विजक जारी नभएको** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले खरीद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । समितिले झोलुंगे पुलको गैरसरकारी

संस्थाबाट सेवाशुल्क खरिद सम्झौता मूल्य अभिवृद्धि करमा दर्ता भएको संस्थासँग गरेको छ । यो वर्ष १० वटा झोलुंगे पुलको ६% ले हुने सेवाशुल्क रु.२०,४१,९३९।४३ सम्म मूल्य अभिवृद्धि कर समेत भुक्तानी हुने गरी सम्झौता गरेको छ । संस्थाले ६ वटा पुल निर्माण कार्य सम्पन्न गरेको व्यहोरा जनाई पत्र लेखेको आधारमा विजक जारी नगरी रु. ४,०५,७२९।- भुक्तानी लिएको छ । विजक जारी गरेको आधारमा मात्र भूक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

२७. **पुवाखोला पक्की पुल** : शान्तिडाँडा चुरेघाटी जोड्ने पुवाखोला कम्पोजिट प्लेट ग्रिडर पुल निर्माण गर्न निर्माण व्यवसायी निलगिरी कन्ट्रक्सनसँग २०७१ असार मसान्न सम्म सम्पन्न गर्नेगरी २०६९।४।११ मा सम्झौता भएको छ। निर्माण व्यवसायीले यो पुल निर्माणमा विभिन्न कारण देखाई तेश्रोपटक ०७२ चैत्र मसान्त सम्म म्यादथप स्वीकृति लिएको देखिएको छ । खरीद सम्झौता रु.१,९१,१५,४६१।- रहेको यस पुलको तेश्रो रनिङ विलसम्म रु.६०,१४,५२९।५९ मात्र भुक्तानी भएको छ । निर्माण व्यवसायीले काममा ढिलासुस्ती गरेको र कार्य सम्पन्न गर्न तदारुकता नदेखाएको सम्बन्धमा कार्यालयले सम्झौताका शर्त अनुसार कारबाही गर्न सकेको छैन । तेश्रो पटक म्याद थप दिएको समयमा समेत कार्य नगरेको, मोविलाईजेशन पेश्की रु.११,७०,०००।- समेत बाँकी रहेकोले पूर्वनिर्धारित क्षति भराई कार्य सम्पन्न गर्नुपर्दछ ।

२८. **देउमाईखोला फाकफोक पक्की पुल** : देउमाई खोला कम्पोजित प्लेट ग्रीड पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७१।३।३ मा रु.२,३४,७१,५६५।- को लागतमा २०७२।७।२ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ । उक्त पुल निर्माण गर्ने स्थानमा बाढीले क्षति पुऱ्याएका कारण एव्युटमेण्टको हाईट ३ मटिर थप्नुपर्ने कारण देखाई समितिबाट पुलको निर्माण डिजाईन तथा लागतमा पर्न जाने असर समेतको लागि निर्माण व्यवसायीले निवेदन गरेकोमा लेखापरीक्षण अवधि सम्म ड्रईङ्ग, डिजाईन स्वीकृत गरेको छैन । निर्माण व्यवसायीले .२०७१।७२ सम्म कूल भूक्तानी रु.४३,१७,०८४।- मात्र लगेको र पेश्की रु.२९,३५,०००।- फछ्र्यौट हुन बाँकी रहेको छ । निर्माण व्यवसायीले माग गरे बमोजिम समयमा ड्रईङ्ग डिजाईन उपलव्ध ठेक्का अवधी लम्विने र थप दावीहरु वहन गर्नुपर्ने अवस्था आउने कार्यालयले समयमै ड्रईङ्ग, डिजाईन सहित म्याद थप गर्नुपर्दछ ।

२९. **वीमा तथा ठेक्काको म्याद** : फिक्कल बजारमा ल्याण्डफिल्ड साईट निर्माण गर्न २०७१।२।९ मा एक निर्माण व्यवसायीसँग रु.६६,२८,५१७।५० को लागतमा २०७२।५।२८ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । निर्माण व्यवसायीले कार्यतालिका अनुसार काम गर्न नसकी म्याद थप माग गरेकोमा कार्यालयले २०७३।५।२८ सम्म म्याद थप दिएको छ । खरिद सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीले निर्माण कार्य यन्त्र उपकरणको विमा नगराएको र म्याद थप माग गर्दा मर्मत संभार अवधि सम्म मान्य रहने विमा लेखा पेश गर्नुपर्ने व्यवस्था भएतापनि सो नलिई म्याद थप गरेको छ । निर्माण व्यवसायीले चौथो विल भूक्तानी गर्दाको अवधीमा ४८% मात्र कार्यप्रगति गरेको देखिएकोले कार्य सम्पन्न गर्ने म्याद २ महिना मात्र रहेकोले ठेक्का क्रियशिल बनाई सम्झौतामा व्यवस्था भए अनुरुप गर्नुपर्दछ ।

३०. **वीमाकोष** : गरीवसंग विश्वेश्वर कार्यक्रमवाट बाखा वितरण कार्यको लागि प्रतिवाखा विमा रु.४,०००।- दिने गरी सम्झौता भए अनुसार रु.३२,०००।- समूहका नाममा खर्च लेखेको छ । वितरण गरिएका बाखाको स्वास्थ्य परीक्षण नगरेको तथा पशु विमामा खर्च नगरी व्यक्ति तथा सहकारी संस्थालाई बुझाएको छ । पशु विमा नगरेमा सो रकम समूहलाई दिन नमिल्ने हुँदा रु.३२,०००।- असुल गर्नुपर्दछ ।

३१. **लागत सहभागिता नभएको :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ३ बमोजिम निर्वाचन क्षेत्रहरुमा कार्य सञ्चालन गर्दा कम्तिमा २० प्रतिशत जनसहभागिता हुन पर्ने व्यवस्था गरिएको छ । सभासदबाट प्राप्त भएको योजना तथा कार्यक्रमको लागत अनुमान तयार गर्दा २० प्रतिशत भन्दा घटी तथा लागत सहभागिताको व्यवस्था नै नगरी सम्झौता गरी कार्य गरेकोले घटी लागत सहभागिता हुन गई कार्यालयलाई थप व्ययभार पर्न गएकोरु.६,८३,४०८।- असुल गर्नुपर्दछ ।

३२. **बढी भुक्तानी :** गोदक सामुदायिक भवन निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गर्दा कुल कार्य रु.८,३७,७४३।- मध्ये जि.वि.स.ले रु.७,००,०००।- व्यहोर्ने (१६.४४:८३.५६) गरी सम्झौता भएको काममा १६ एम एम को १०७०।४० मी., १२ एम एमको ६७१.२० मी. र ८ एम एमको १४४१.२ मी लम्बाईको रेनफोर्समेण्ट २८५७.२३ केजीको भूक्तानी दिनु पर्नेमा ३१४३।६६ केजीको भुक्तानी हुन गएकोले नापी भन्दा २८६।४३ के.जी.को बढी भुक्तानी रु.२४,८६२।- मा उपभोक्ताको अंश कटाई वाकी हुने रु.२०,७७४।- असुल गर्नुपर्दछ ।

३३. **जनश्रमदान कट्टा नगरेको :** एक पुस्तकालय निर्माणको लागि समितिसँग रु.४,६४,३८७- को सम्झौतामध्ये जिविसले रु.२,१,५०००।- अन्य निकायले रु.२,००,०००।- र उपभोक्ता समितिले रु.४९,३८७- व्यहोर्ने उल्लेख छ । यो कार्यक्रममा उपभोक्ता सहभागिता कम्तिमा २०% हुनपर्ने नियमको व्यवस्था अनुसार कार्यसम्पन्न रु.४,३९,३४२।- गर्दा रु.६९,८६८।- सहभागिता हुनुपर्नेमा रु.३४,८९९।- मात्र भएकोले रु.३८,४८०।- घटी भएको छ । नियमावली बमोजिम उपभोक्ताको घटी लागत सहभागिता भएको रकम रु.३८,४८०।- असुल गर्नुपर्दछ ।

३४. **कार्यक्रम अनुगमन :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ८(क) मा सम्बन्धित सभासद्को सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिमा दिनुपर्ने र जिल्ला विकास समितिले सो विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । यसवर्ष छनौट गरी सञ्चालन गरेका कार्यक्रमको सम्बन्धित सभासद्ले अनुगमन गरी सोको चौमासिक प्रतिवेदन मन्त्रालयमा पठाएको छैन । नियमानुसार योजना अनुगमन हुनुपर्दछ ।

३५. **दर विश्लेषण :** स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको नर्मसमा ढुंगा मिसिएको माटो खन्ने कार्यको नर्मस स्वीकृत छैन । जनरल नर्मस अनुसार सो काममा प्रति घनमीटर ०.६९ लाग्ने व्यवस्था छ । कार्यालयले यस कार्यक्रममा मानिसद्वारा खन्ने विएमएसको काममा प्रति घनमीटर १ ज्यामी लाग्ने गरी लागत अनुमान तयार गरी सोही आधारमा उपभोक्ता समितिबाट काम गराई भुक्तानी दिएको छ । सार्वजनिक निर्माण नर्मस भन्दा बढी हुने गरी दर विश्लेषण गर्न मिल्दैन । दर विश्लेषण वढीको समावेश गरी उपभोक्तालाई बढी भुक्तानी भएको रकम रु.१,३०,९९०।- असुल गर्नुपर्दछ ।

३६. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भाडा रकम भुक्तानी गर्दा श्रोतमा १०% कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक निर्माणमा प्रयोग गरेको मेशीनहरुको भाडा वापतको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्दा वहाल कर कट्टा नगरी भुक्तानी गरेको छ । ऐनको व्यवस्था अनुसार लाग्ने वहाल कर रु.३१,५९०।- असुल गर्नुपर्दछ ।

३७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयको केन्द्रतर्फका ६ कार्यक्रममा नगरपालिका, गाउं विकास समिति निर्माण व्यवसायी, संस्था तथा कर्मचारुकि नाममा

दिएको पेश्की रु.३,०५,८९,९२१।- आ.व.को अन्त्यमा फछ्र्यौट गरेको छैन । नियम तथा सम्झौताको शर्त अनुसार वांकी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

३८. **विदाको अभिलेख :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५४ मा विदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने स्थानीय निकायका कर्मचारीको विदाको अभिलेख राख्न लगाउन पर्ने उल्लेख छ । यस जिल्ला विकास समितिमा कार्यरत कर्मचारीहरुको संचित विदाको अभिलेख अद्यावधिक राख्नु पर्ने देखिन्छ ।

३९. **तार खरिद** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावलि, २०६४ को नयम २१२ बमोजिम जिन्सी प्राप्त गरेके ७ दिन भित्र आम्दानी जनाइ लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले १० एम एम हेभी मेनलाईन ताररू.१,१३,०३५।- खरिद गरी खर्च लेख्दा प्रमाणित खरिद आदेश र दाखिला प्रतिवेदन भएको छैन । खरिद सामाग्री जिन्सी खातामा आम्दानी नभएकोले खर्च नियम संगत देखिएन ।

४०. **खर्च विवरण र अनुगमन प्रतिवेदन :** स्थानीय निकाय आर्थिक कार्यविधी नियमावली २०६४ को नियम (३) उपनियम (२) मा खर्चगर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्नेव्यवस्थाछ ।पुर्ण सरसफाई अभियान अन्तरगत जिल्ला सरसफाई कार्यदलको निर्णयानुसार १८००० घरधुरी सर्भेक्षण तथा प्रमाणिकरण कार्यका लागि विभिन्न ९ गाउँ विकास समितिहरुलाई कार्य सम्पन्न भएपछि प्रतिवेदन पेश गरी फछ्यौंट हुने गरी रु.१२,६०,०००।– निकासा दिएकोरकम बैंक नगदी किताबमा पेश्की जनाएको देखिएन । उक्त अनुदानको खर्च विवरण, लेखा परीक्षण प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश पेश हुनु पर्दछ ।

४१. **तथ्यांक संकलन फाराम छपाई :** स्थानीय निकाय आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम (३) उपनियम (२) मा खर्चगर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पूर्ण सरसफाई अभियान अन्तरगत तथ्यांक संकलन फाराम छपाई भनी एक प्रेशलाई रु.१,३४,७५२।– भुक्तानी गरेको छ । आर्थिक वर्षको अन्त सम्म पनि सरसफाई अभियानकार्यको तथ्यांक संकलन कार्य भएको देखिएन । छपाई भएको फारामको उपयोगको विषयमा कार्यालयबाट अनुगमन गरी प्रतिवेदन पेश हुन पर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ ।कार्यालयमा समयमा नै पेश्की फछ्र्यौट हुने नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, प्रत्येक महिना हरेक बजेट शिर्षकको स्वीकृत बजेट बमोजिम बजेट हिसाव तयार नगरेको देखिएको छ । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **कार्यालय भवन :** कार्यालयको भवन निर्माण कार्यको लागि रु.१ करोड ५९ को एक परामर्शदातावाट तयार गरेको ड्रइङ तथा लागत अनुमान २०६९।२।५ मा स्वीकृत गर्दा नक्सामा भुइ तलादेखि तेश्रो तलासम्म स्वीकृत गर्दा छुट्टाछुट्टै काम देखिने गरी विस्तृत लागत अनुमान बनाएको देखिएन । लागत अनुमान तथा ड्रइङ्ग रहेका कम्जोरीका कारण स्वीकृत नक्सा र भवनमा भएका कार्यबीच

धेरै भिन्नता रहेको (वालको उचाई, चेनगेट भऱ्याङको रेलिङ, कोठाको ले आउट आदीमा अश्वभाविक) जनाई भेरिएशनवाट खरिद सम्झौता रु.१२,९१,५४५।- घटन गई कूल सम्झौता अंक रु.१,२९,९१,०४०।- कायम हुन आएको छ । निर्माण व्यवसायीलाई अन्तिम वीलसम्म रु.१,१६,९९,४८३।२३ भुक्तानी गर्दा भवनको शौचालयमा टाइल सेनेटरी काम नपरेकोले ति कार्य गर्न रु.४,२६,६२०।- को लागत अनुमान स्वीकृत गरी दरभाउ पत्रको माध्यम वाट रु.४,२५,८२६।- कार्य गराएको छ। ड्रइङ तथा लागत अनुमानको पूर्णताको परीक्षण वीना नै निर्माण कार्यको खरिद व्यवस्थापन गर्ने कार्यले भेरिएशन लगायत दरभाउपत्रको माध्यमवाट पून सौचालयको कार्य गर्नुपरेकोले प्रशासनिक कार्य वोझ थपिएको अतिरिक्त काममा ढिलाई समेत हुन पुगेको छ । परामर्शदाताको प्रतिवेदनमा देखिएका गम्भिर त्रुटीका सम्वन्धमा अध्ययन नगरी प्रतिवेदन स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार वनाइनु पर्दछ ।

३. **भौतिक सुविधा विस्तार कार्यक्रम** : कार्यालयले यो वर्ष भौतिक सुविधा विस्तारकार्यक्रमबाट रु. २४ करोड ८९ लाख १८ हजार विभिन्न विद्यालयका लागि निकासा दिएको छ । सो निकासा सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन् :

३.१ कार्यक्रम कार्यान्वय निर्देशिकामा विभिन्न विद्यालयहरुको प्राथमिकता क्रम निर्धारण र छनौट गर्दा भौतिक सर्वेक्षणले आवश्यकता पहिचान भएका विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकताक्रम निर्धारण गरी शिक्षा विभागमा पठाउनु पर्ने, कार्यक्रमको लागत अनुमान तयार गर्दा कार्यक्रम तर्फ व्यहोरिने जनश्रमदान वा नगद खर्च वा अन्य कुनै श्रोतबाट व्यहोरिने खर्च समेत उल्लेख गरी सम्पन्न गर्नुपर्ने, सम्पूर्ण प्राविधिक कार्यहरु स्पष्टरुपमा खुलेको हुनु पर्ने, विद्यालयले कुल लागतको कम्तिमा ५ प्रतिशत श्रम अनुदान जुटाउनु पर्ने व्यवस्था निर्देशिकामा उल्लेख छ। सम्झौता साथ निकासा गरिने प्रक्रिया नतोकेको, सबै विद्यालयर्सग एकै पटक सम्झौता नगरेको, प्रथम चौमासिक भित्र सम्झौता गरिसक्नु पर्नेमा तेश्रो चौमासिकमा समेत सम्झौता गरि विद्यालयलाई निकासा दिएको छ । कार्यालयले निर्देशिकाले उल्लेख गरे बमोजिम नगरेकोले निर्देशिका वमोजिम निकासा पठाउनु पर्दछ।

३.२ कार्यक्रम कार्यान्वयन निर्देशिकाले २०६७।०६८ देखिको भौतिक निर्माण कार्यमा रकम निकासा भएको तर कार्य सम्पन्न प्रतिवेदन उपलब्ध नगराउन्जेल आगामी आर्थिक वर्षमा विद्यालयलाई निकासा दिँदा प्रधानअध्यापकको तलब भत्ता रोक्का राख्नुपर्ने व्यवस्था गरेको छ। साथै गत विगतको काम सम्पन्न नगरी फरफारक नगरेका विद्यालयहरुलाई कुनै पनि किसिमको निर्माण कोटा नदिने व्यवस्था छ । कार्यालयले उपर्युक्त व्यवस्था बमोजिम २०६८।०६९ देखि कार्य सम्पन्न नगरेका विद्यालयका प्रधानअध्यापकको तलब भत्ता रोक्का गर्नुपर्नेमा रोक्का गरेको छैन । गत विगतको काम सम्पन्न नगरी फरफारक नगरेका विद्यालयलाई निर्देशिकाले गरेको व्यवस्था वमोजिम कुनै पनि किसिमको निर्माण कोटा नदिने व्यवस्थाको पालना गर्नुपर्दछ।

४. **कार्यसम्पन्न प्रतिवेदन** : विद्यालयलाई दिइने अनुदानको अन्तिम किस्ता निकासा गर्दा विद्यालय संचालक समितिका अध्यक्ष विद्यालयका प्रधानाध्यापक निर्माण कार्यको निर्माण सम्वन्धी निरीक्षण परिक्षण गर्ने प्राविधिक समेतवाट प्रमाणित भएको कार्यसम्पन्न प्रतिवेदनको आधारमा अन्तिम निकासा दिनुपर्ने निर्देशिकामा उल्लेख छ। कार्यालयले यो वर्ष कूल रु.२३,४३,००,०००।- निकासा दिइएकोमध्ये लेखापरीक्षण अवधिसम्म रु. १०,९३,५०,०००।- को प्रक्रिया पुरा भई कार्य सम्पन्न भएको र २०७०।७१ को क्रमागतवाट चार कोठे विद्यालय भवन ३ को रु.४२ लाख, आठ कोठे विद्यालय भवन २ को रु.७२ लाख, छ कोठे विद्यालय भवन ३ को रु.५४ लाख यो वर्षका चार कोठे विद्यालय भवन १३ को रु.१ करोड ४२ लाख, ३ कोठे विद्यालय भवन ७ को रु.१ करोड ३५ लाख ५० हजार, २ कोठे विद्यालय भवन ३६ को रु.४ करोड ८६ लाख, भूकम्पवाट अधिक क्षति

भएका विद्यालयका लागि रेट्रो मेन्टिनेनसतथा विद्यालय भवन मर्मत र सामान्य क्षति पुगेका विद्यालयहरुका लागि मर्मतमा विद्यालय भवन ११२ को रु.१ करोड ४८ लाख, शौचालय निर्माण वाससुविधा भएको तथा छात्रा शौचालय निर्माण २९ को रु.१ करोड १६ लाख, शौचालय मर्मत तथा खानेपानी व्यवस्थापनमा ११ विद्यालयको रु.५ लाख ५० हजार र खानेपानी व्यवस्थापन ६ विद्यालयको रु.७ लाख ५० हजार समेत कूल रु.१२ करोड ४९ लाख ५० हजार निकासाको कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन । निर्देशिका वमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

५. **विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम** : सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम अर्न्तगत प्राविधिकधार सञ्चालन भएका विद्यालयहरुका लागि सामाग्री सदुपयोग सशर्त चालु अनुदानको वजेट खर्च गर्ने अख्तियारीमा भौतिक र रसायन विषयमा स्नातकोत्तर गरेका शिक्षकको व्यवस्था हुनुपर्ने उल्लेख छ । यो वर्ष  एक माध्यमिक विद्यालयलाई  कम्प्यूटर विषयको अध्ययनको लागि २ प्रशिक्षक २ सहायक प्रशिक्षकको लागि रु.९,०५,६००।- निकासा दिदा सम्वन्धित विषय, भौतिक र रसायन मा स्नातकोत्तर गरेका शिक्षकको व्यवस्था गरी नियुक्त गरेको प्रमाण पेश गरेको छैन । अख्तियारी दिने निकायले निर्देशनको पालना नगरी विद्यालयमा निकासा पठाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५.१ सामग्री सदुपयोग अनुदान अर्न्तगत एक माध्यमिक विद्यालयलाई वाली विज्ञान विषयको प्रयोगात्मक सामग्री व्यवस्थापनको लागि रु.१६,००,०००।- निकासा दिदा विद्यालयले प्रयोगात्मक सामाग्री व्यवस्था गरेको छैन । वजेट खर्च गर्ने अख्तियारीमा व्यवस्था भएका शर्त पूरा नभएकोमा विद्यालयका नाममा पेश्की समेत नजनाई निकासा दिएकोले प्रक्रिया पुरा नगरी निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५.२ सशर्त अनुदान पाउने निकायले कार्यक्रममा उल्लेख गरेको शर्त वमोजिमको कार्य सम्पन्न गरेको सप्रमाण सहितको विवरण निकासा दिने निकायमा पेश गर्नुपर्ने व्यवस्था वजेट कार्यान्वयन निर्देशिका,२०७० मा व्यवस्था छ । एक माध्यमिक विद्यालयलाई कम्प्यूटर विषयको तालिम प्रयोजनका लागि रु.१,३२,०००।- निकासा दिएकोमा विद्यालयले तालिम सञ्चालन गरेको छैन । खर्च सुनिश्चित हुने आधार वेगर निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६. **कार्यसन्चालन कोष** : जिल्ला स्तरिय परिक्षा समितिको वार्षिक वजेट स्वीकृति तथा खर्च अनुमोदन गराउनु पर्ने व्यवस्था परीक्षा समिति सञ्चालन कार्यविधिमा उल्लेख छ । यो वर्षको जिल्ला स्तरिय परीक्षा समितिको रु. १३,९४,८६२।- खर्च भएको देखिएकोमा अनुमोदन गरेको छैन । कार्यविधि वमोजिम खर्च अनुमोदन गनुपर्दछ ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । कार्यालयमाजिन्सी मालसमानको लिलाम/मर्मत नभएको, पेश्की समयमा  फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घर जग्गको लगत राखेता पनि मुल्य नखुलेको र केहिको जग्गाधनी प्रमाण पुर्जा नभएको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको तथा तलवी प्रतिवेदन पारित नगरी ३ जना कर्मचारीलाइ रु.७,२३,४२०।- तलव खर्च लेखेको देखिएको छ । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **दरबन्दी तथा पदपुर्ति :** निजामती सेवा नियमावली,२०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालय र अर्न्तगतका स्वास्थ्य संस्थामा विभिन्न कार्य सम्पादन गर्नका लागि ३३६ कर्मचारी दरवन्दी रहेकोमा २३२ पद पुर्ति भई कार्यरत र १०४ पद रिक्त रहेको छ । रिक्त दरवन्दी पदपूर्ति नगरेको हुँदा कार्यालयको नियमित काम एवं सेवा प्रवाहमा असर परेकोले पदपुर्ती एवं काज फिर्ता गर्ने तर्फ आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

३. **बरबुझारथ नभएको :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २५ मा कर्मचारी सरुवा बढुवा हुँदा वा अवकास प्रापत गर्दा वा लामो अवधिमा काज वा बिदामा रहदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सि वा सरकारी कागजात बरबुझारथको ब्यबस्था छ । कार्यालयका साविक एक नायव सुव्वा २०७१।०३।१६ देखि लागु हुने गरी रमाना भएकोमा खर्च भएर जाने कार्यालय सामान बुझाएको तर खर्च भएर नजाने ३६ थरीका  मालसामानहरु नवुझाई रमाना दिएको छ । यस संबन्धमा गत प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत रहेको छ ।  लेखापरीक्षण अवधि सम्ममा पनि बरबुझारथ नगरेकोले कानूनको व्यवस्था अनुसार कारवाही गरी वरवुझारथ गर्नुपर्दछ ।

४. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सोही नियमको उपनियम २ वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष ४ वटा औषधि आपुर्तकबाट औषधिको दररेट माग गरी वजारको प्रचलित दरभाउ लिई लागत अनुमान तयार गरेकोमा अन्य सूचकांकहरु प्रयोगमा ल्याएको छैन । नियमले तोकेको सम्पूर्ण प्रक्रिया अवलम्वन गरी लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ ।

५. **मुल्य अभिवृद्धि करको जानकारी :** मुल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ६ क बमोजिम मुल्य अभिवृद्धि करको भूक्तानी सम्बन्धीत राजस्व कार्यालयमा जानकारी दिनुपर्ने व्यवस्था छ । कार्यालयले सम्पूर्ण खरिदको रकम भूक्तानी गर्दा मुल्य अभिवृद्धि कर दर्ता नं, भूक्तानी रकम र अग्रिम आयकर दाखिलाका सहितको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिए पनि मुल्य अभिवृद्धि कर रकम छुट्याई खुलाएको छैन । मुल्य अभिवृद्धि कर रकम नखुलाई भूक्तानीको जानकारी दिंदा मुल्य अभिवृद्धि कर रकम यकिन नहुने भएकाले मुल्य अभिवृद्धि कर खुल्ने गरी जानकारी दिनुपर्दछ ।

६. **नर्मस भन्दा वढी खर्च :** जिल्लास्तरीय परिवार स्वास्थ्य कार्यक्रम कार्य सञ्चालन निर्देशिका, २०७२/७३ अनुसार तोकिएको नर्मस वमोजिम खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले १९ कार्यक्रमको पेश्की फछ्र्यौट एवं खर्च लेख्दा तोकिएको नर्मस भन्दा रु.५,३०,३९०।- वढी खर्च लेखेको छ । निर्देशिकाले तोकेभन्दा वढी खर्च लेखेको रु.५,३०,३९०।- सम्बन्धितबाट असुल गर्नुपर्दछ  ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने व्यवस्था रहेकोमा खरिद गुरु योजना तयार नगरेको, एकै किसिमका जिन्सी मालसामान मध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण खुल्ने निरीक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन मा उल्लेख भएका ५३ किसिमका मालसामान मर्मत गर्नुपर्ने देखाएकोमा कारवाही अगाडि नबढाएको, जिन्सी खातामा आम्दानी देखाइएका पुराना मालसामानको मूल्य नखुलाएको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको नागरिक

बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र नवनाएकोले आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ।

२. **पुल निर्माण कार्य** : पुल निर्माणको लागि निर्माण व्यवसायीर्सग कार्य सम्पन्न गर्ने अवधी तोकि सम्झौता भएको देखिन्छ। सम्झौता अनुसार कुनै पनि निर्माण व्यवसायीले तेकिएको समयावधी भित्र कार्य सम्पन्न गरेको छैन । कार्यालयले २०६७।६८ देखि २०७०।७१ सम्म खरिद सम्झौता भएका ५ ठेक्काको शुरु सम्झौता अनुसार सम्पन्न नगरेकोले पटक-पटक म्याद थप गरेको भएता पनि हालसम्म १२.५ देखि ८५ प्रतिशतसम्म प्रगति हासिल भएको उल्लेख छ। सम्झौता गरेको लामो समय वितिसकेको र पटक पटकको म्यादथपमा पनि निर्माण व्यवसायीले काममा तदारुकता नदेखाएको स्थीतिमा समयमा कार्य हुन नसकेकोमा वास्तविक कारण पहिचान नै नगर्ने र म्याद थप गर्दै निर्माण कार्य लम्व्याउदै लैजाने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३. **कार्यतालिका अध्यावधिक** : सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५१ को उपदफा १(३) बमोजिम निर्माण कार्यको सम्झौता गर्दा कार्य सम्पादन तालिका पेशगरी तालिकाको सीमा भित्र रही निर्माण कार्य गर्नुपर्ने र प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने र कार्यतालिका अध्यावधिक नगरेमा ठेक्का अंक अनुसार रु.१,५०,०००।- देखि रु.३,००,०००। सम्म भूक्तानी रोक्का राख्ने व्यवस्था छ । कार्यालयले खरिद सम्झौता गरेका निर्माण चरणमा रहेका सवै ठेक्काहरु कार्यतालिकामा तोकिएको समयसीमामा रही कार्य नगरेकोमा कार्यतालिका अध्यावधिक नगर्ने निर्माण व्यवसायीको सम्झौता तथा नियमको व्यवस्था अनुसार भूक्तानी रोक्का गरेको छैन । कार्यतालिका वमोजिम काम नगर्ने र अध्यावधिक नगर्ने निर्माण व्यवसायीको तोकिएको दरवाट भूक्तानी समेत रोक्का राखी सम्झौता प्रभावकारी रुपमा लागु गरी समयमा ठेक्का सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाचा अनुसूची १ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुदै आएको छ। यो वर्ष कार्यालयले रु.७६,१६,०००।- कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । कार्यालयले योजनागत कन्टेन्जेन्सी खर्च विवरण उपलव्ध गराएको छैन । यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको तुलनामा ३.७५ प्रतिशत खर्च हुन गएकोछ। कन्टिन्जेन्सी रकम उपरोक्त कार्यमा रु.७६ लाख १६ हजार खर्च भएकोले नियममा उल्लेख भए अनुसार निर्माण कार्यसंग सम्बन्धित देखिएन।

५. **कर बिजक** : मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४(१) बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र सोही दफाको उपदफा ३ बमोजिम बिजक लिनु प्रापकको कर्तव्य हुने उल्लेख छ। यस वर्ष कार्यालयले २ निर्माण व्यवसायीलाई कर बिजक बेगर रु.४,३२,९९२।- भुक्तानी दिएको छ। ऐनको दफा २९(१)(ग) बमोजिमको प्रक्रिया पुरा गरी मूल्य अभिवृद्धि कर रु.४९,७३२।- असुल गर्नुपर्दछ।

६. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२०(१) मा सम्झौता बमोजिमको काम सम्झौताको अवधी भित्र नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु ७ दिन अगाबै म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छ। नमुना परिक्षण गरिएका ५ खरिद सम्झौताको ठेक्काको म्याद आर्थिक वर्षको अन्त भित्र समाप्त भएको देखिएकोमा

कारवाही टुङ्गो लगाएको छैन । सम्झौताका शर्त अनुसार कारवाही गरी ठेक्का अध्यावधिक गर्नुपर्दछ ।

७. **संशोधन बेगर खर्च** : आर्थिक कार्यविधी ऐन,२०५५ को दफा २७(२) मा स्वीकृत कार्यक्रम अनुसार तोकिएको कार्यक्रम तोकिएको कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले शहरी सडक अर्न्तगत ७ कार्यक्रममा स्वीकृत भएका कार्यक्रम भन्दा फरक गरी लागत अनुमान तयार गरी काम गराएको छ। कार्यक्रम संशोधन नगरी गरिएको खर्च रु.१२,४६,४४७- अनियमत देखिएको छ।

८. **पेश्की** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७४ अनुसार दिएको पेश्की नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु पर्दछ। यो वर्ष ७ निर्माण व्यवसायीलाई मोविलाइजेसन वापत दिएको पेश्की रु.७४,४०,०००।- सम्झौताका शर्त अनुसार फछ्र्यौट गर्नुपर्दछ।

## डिभिजन सहकारी कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ ॥ कार्यालयमा पुराना मालसमानको मूल्य नखुलेको, घर जग्गाको लगत राखेकामा मुल्य नखुलेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित गरेको अवस्था छैन। कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ।

२. **दरवन्दी तथा पदपूर्ति** : निजामती सेवा नियमावली,२०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ। कार्यालयमा १२ स्वीकृत दरवन्दी रहेकोमा ८ पद पूर्ति, ४ जना रिक्त ,३ जना करार, १ जना काज र ११ जना कार्यरत रहेको देखिएको छ । रिक्त दरवन्दी पदपूर्ति नगरेको हँदा कार्यालयको नियमित काम एवं सेवा प्रवाहमा असर परेकोले पदपुर्ती एवं काज फिर्ता गर्ने तर्फ आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

३. **सहकारी संस्था खारेजी** : सहकारी ऐन,२०४८ को परिच्छेद १० दफा ४१ को उप नियम ३ बमोजिम कुनै सहकारी सँघ संस्था लगातर दुई वर्ष सम्ममा कुनै कारेबार नगरी निष्कृय अवस्थामा रहेको पाइएमा वा कुनै संस्था वा सँघद्धारा आफनो उद्येश्य विपरीत कार्य गरेको पाईएमा रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्याक्तिले संस्था वा सँघको दर्ता खारेजी गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार ९४४ सहकारी संस्थामध्ये २६ संस्था निष्कृय रहेकोमा १५ वटा मात्र संस्था खारेज गरेको देखियो । नियम अनुसरा प्रकृया पुऱ्याई निस्क्रिय संस्था खारेज गर्नुपर्दछ।

४. **लेखा परीक्षण** : सहकारी ऐन, २०४८ को दफा ३७ वमोजिम कुनै सहकारी संघ संस्थाले आर्थिक वर्ष सम्पन्न भएको ३ महिना भित्र रजिस्ट्रार वा निजले तोकेको अधिकारीले स्वीकृती दिएको कुनै दर्तावाला लेखापरीक्षकद्धारा लेखा परीक्षण गराई साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ९४४ सहकारी सस्था मध्य १६७ वटाले लेखापरीक्षण नगराएको उल्लेख छ । नियमको अनुसरण गरीसवै सहकारी संस्थाको लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्दछ।

५. **वार्षिक साधारण सभा** : सहकारी ऐन,२०४८ को दफा १५ वमोजिम कुनै सहकारी सँघ संस्थाले आर्थिक वर्ष सम्पन्न भएको छ महिना भित्र वार्षिक साधारण सभा वोलाउनु पर्ने व्यवस्था छ।

कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ९४४ सहकारी संस्थामध्ये १६७ वटाले वार्षिक साधारण सभा नगराएको उल्लेख छ। तोकिएको समय भित्र वार्षिक साधारण सभा गराउनु पर्दछ ।

६. **समस्या ग्रस्त संस्था** : सहकारी संघ/संस्था दर्ता, सञ्चालन, लेखापरीक्षण,अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०६८ परिच्छेद ७ को दफा ५२ वमोजिम ठगीमा कारवाहीको लागि लेखी पठाउने व्यवस्था रहेको देखियो । कार्यालयले पेश गरेको विवरण अनुसार ७ वटा सहकारी संस्थाले आर्थिक हिनामिना, सञ्चालक फरार र दायित्व फिर्ता नगरेको रु.३२,३५,००,०००।- रहेकोमा ४ वटाको मुद्दामा र ३ वटा निष्कृय देखिन्छ । निष्क्रियरहेका सहकारीको हकमा सुरक्षा निकायको समेत सहयोग लिई कारवाहीको प्रक्रिया अगाडी वढाउनु पर्दछ ।

७. **पेश्की** : आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ७४मा कार्यालय प्रमुखले नियमावली को कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालय भवन निर्माणको लागि एक निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की दिएको रु.१४,८०,०००।- फछ्र्यौट हुन बाँकी रहेकोले सम्झौताको शर्त वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । पुराना मालसमानको मूल्य नखुलेको, घर जग्गाको लगत नराखेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, घर जग्गाको अभिलेख विद्युतिय माध्यमबाट व्यवस्थित किसिमबाट राख्नु पर्नेमा सो बमोजिम नराखेको, सरकारी तथा सार्वजनिक जग्गाहरुको लगत अद्यावधिक गरी पुस्तिका प्रकाशित नगरेको, सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगको लागि कार्य योजना बनाई कार्यान्वयन नगरेको, जग्गा, जग्गाधनि प्रमाण पुर्जाको सिलसिलेबार नम्बर सम्पूर्ण अभिलेख विद्युतीय संजालीकरणको व्यवस्था नगरेको, जग्गाको न्यूनतम मूल्यांकनलाई नापी कार्यालयसँग समन्वय गरी कित्ता वाईजको मूल्यांकनलाई पुर्ण रुपमा लागु नगरेको तथा मोही र तल्सिङ्गको अभिलेख अध्यावधिक आदीको आन्तरिक नियन्त्रण प्रणाली तयार तथा स्वीकृत गरी लागु भएको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **निवेदन/मुद्दा दर्ता र फर्छ्यौट** : कार्यालयले समयमै निवेदन एवं मुद्दाको टुंगो लगाउनु पर्दछ । कार्यालयबाट प्राप्त बार्षिक प्रगति प्रतिबेदन अनुसार कार्यालयमा जग्गा प्रशासन सम्बन्धि परेको निवेदन/मुद्दा यो वर्षसम्म १८७६ दर्ता भएकोमा १३०० मुद्दा फछ्र्यौट गरी ५७६ र फर्छ्यौटको गर्न बाँकी रहेको छ । निवेदन एवं मुद्दा तोकिएको म्याद भित्र कार्वाही किनारा लगाउनु पर्दछ ।

३. **जग्गाको न्यूनतम मूल्यांकन** : मालापोत नियमावली, २०३६ (संसोधन सहित) को नियम ५ (ख) र भूमिसुधार तथा व्यवस्थापन विभागले जारी गरेको जग्गाको न्यूनतम मूल्य निर्धारण निर्देशिका, २०५९ को दफा ३.१ अनुसार २०७२।३।२७ र २८ को न्यूनतम मुल्यांकन समितिको निर्णयानुसार २०७२।४।१ देखि लागु हुनेगरी कायम गरेको देखियो । यस वर्ष रजिष्ट्रेशन पारित भएका १० जग्गाहरुका नमुना परीक्षण गर्दा बिक्री मूल्य, न्यूनतम मूल्यांकन र वित्तिय संस्थाको धितो मूल्यांकन जग्गाको न्यूनतम मुल्यांकन, बिक्री मुल्य र वित्तिय संस्थाको धितो मूल्यांकन बिच फराकिलो अन्तर देखिँदा जग्गाको न्यूनतम मुल्यांकन न्यून रहेकोले राजस्व असुली न्यून हुने देखिन्छ । मूल्यांकन समितिले मूल्य निधारण गर्दा कर्मचारी आवश्यकता अनुसार खटाई सूचना संकलन गर्ने र वडा

नं., कित्ता नं., व्लक नं. स्पष्ट रुपमा तोकि समय सापेक्ष निर्देशिका बमोजिम न्यूनतम मुल्यांकन गर्नुपर्दछ ।

४. **घर बाटोको सिफारिस :** नगरपालिका तथा गा.वि.सका जग्गाको रजिष्ट्रेशन पारित हुने लिखतमा थैली कायम गर्ने मुख्य आधारको रुपमा स्थानीय निकायको सिफारिस पत्रलाई मात्र लिइएको देखियो । केही लिखत परीक्षण गर्दा विभिन्न व्यक्ति बाट साना साना टुका घडेरीयुक्त जग्गाहरु समेत निसर्ग हुँदा कार्यालयको कित्ता वर्गीकरणमा नपरेको आधारमा स्थानीय निकायको सिफारिसमा मेची राजमार्गले छोएको घडेरीयुक्त जग्गासमेत खेती योग्य जग्गाको रुपमा थैली राखी लिखत पारित भएको देखिएको छ । राजमार्गले छोएको मूल्यांकन हुने गरी न्यूनतम मूल्यांकन कायम गर्नुपर्दछ ।

५. **पुँजीगत लाभकर :** आयकर ऐन,२०५८ को दफा २ (४) र ९५ क (३) बमोजिम कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा नेपाल राज्य भर जहाँसुकै जुनसुकै मालपोत कार्यालयबाट रु ३० लाख वा सो भन्दा बढीको घर जग्गा निसर्ग गरेका खुद पूँजीगत लाभकर असुल गर्ने व्यवस्था भए बमोजिम लाभकर असुलीमा एकरुपता कायम गर्न सबै मालपोत कार्यालयबाट राजिष्ट्रेशन पारित गर्ने प्रयोजनार्थ निसर्गकर्ताको तिनपुस्ते सहितको नेट वर्किङ सिस्टममा आवद्ध गर्न जरुरी देखिएको छ । अन्यथा एकै व्यक्तिले विभिन्न ठाउँका मालपोत कार्यालय, एकै मालपोत कार्यालयका विभिन्न फाँटबाट फरक फरक मितिमा रु ३० लाख भन्दा केही रकम घटी राखी धेरै लिखत पारित गरी पुँजीगत लाभ आर्जन गरेको भए पनि उक्त निसर्गकर्ता सो लाभको दायरामा नपर्ने अवस्था सृजना भएको छ । उपरोक्त बमोजिम पुँजीगत लाभकर असुल गर्ने प्रकृयामा सुधार गर्न नितीगत निकायबाट आवश्यक व्यवस्था हुनुपर्दछ ।

६. **राजस्व बैंक दाखिला :** मालपोत कार्यालयबाट घर जग्गाको रजिष्ट्रेशन लिखत पारित लगायतबाट प्राप्त रकम दैनिक रुपमा नगदै बुझिलिने गरेको छ । दैनिक रुपमा ठुलो रकम सेवाग्राहिबाट नगदै बुझिलिने कार्यमा विभिन्न दृष्टिकोणबाट जोखिम रहेकोले कार्यालयको हाता भित्र कुनै बैंकको शाखाको व्यवस्था मिलाई राजस्व बैंक दाखिला भए पछि रसिद काटी आम्दानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **भोगाधिकार :** भोगाधिकारमा दिइएको जग्गाको प्रमाणपत्रमा उल्लेख भए बमोजिम तोकिएको दस्तुर दाखिला गर्नुपर्दछ । यस वर्ष रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल काठमाण्डौलाई माघेसुन्तले गा.वि.स.वडा नं.१,४,७, जग्गा रोपनी १४।५।३।३ मध्ये पुर्वीतर्फ १।०।०।० बाट बार्षिक दस्तुर रु.२,०००।- दरले २०७०।७१ देखि २०७२।०७३ सम्मको नविकरण दस्तुर रु.६,०००।- असुल गरेको छैन । भोगाधिकार बापतको दस्तुर असुल गर्नुपर्दछ ।

८. **संस्थागत सुदृढीकरण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२० एवं स्थानिय स्वायत्त शासन नियमावली,२०५६ को नियम २११ को अनुसूची २६ एवं भूमिसुधार व्यवस्थापन विभाग सुदृढिकरण कार्यक्रम (सञ्चालन) कार्यविधि,२०६७ को दफा ९ को उपदफा २ बमोजिम मालपोत कार्यालयबाट असुल भएको रजिष्ट्रेशन दस्तुरबाट स्थानिय निकायमा पठाएको रकमको ५ प्रतिशत रकम सम्बन्धित स्थानिय निकायबाट प्राप्त गरी कार्य सञ्चालन कोषमा आम्दानी जनाई कार्यविधि बमोजिम ६ लाखसम्म मात्र कार्यालयले तोकिएको कार्यमा खर्च गरी बाँकी रकम भूमि सुधार तथा व्यवस्थापन विभाग केन्द्रिय कार्य सञ्चालन कोषमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष बाँडफाँड रकम रु १,४१,९७,५९२।- मध्ये रु १,३२,१२,७८०।- स्थानिय निकायमा पठाई रु ९,८४,८१२।- प्राप्त गरी आम्दानी गरेको छ । कार्यविधिको व्यवस्था अनुसार कार्यालयले ६ लाख सम्म खर्च गर्न पाउनेमा सो भन्दा बढी छुट्याएको रकम रु.३,८४,८१२।- मध्ये गतवर्षको कार्यालयले खर्च गर्न

पाउने रु.२२,५४७।- समयोजन गरी वांकी रहेको रु.३,६२,२६५।- केन्द्रिय कार्य सञ्चालन कोषमा पठाउनु पर्नेमा पठाएको छैन । बाँडफाँड हुन बाँकी रु.२९,९४,४००।-मध्ये १० प्रतिशतले हुने राजस्व रु.२,९९,४४०।- संचित कोष दाखिला गर्नुपर्ने र ९० प्रतिशतले हुने २६,९४,९५८।-मध्ये रु.२८,६०,२१०।- स्थानिय निकायलाई पठाई ५ प्रतिशतले हुने रु १,३४,७४८।- समेत जम्मा रु.४,९७,०१३।- केन्द्रिय कार्य सञ्चालन कोषमा पठाउनु पर्दछ ।

९. **भवन निर्माण पेश्की :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७४ अनुसार दिएको पेश्की नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु पर्दछ। कार्यालय भवन निर्माणको लागि एक निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की दिएको मध्ये रु.२२,३७,८०३।- फछ्र्यौट हुन बाँकी रहेको छ । नियमको व्यवस्था र सम्झौताको शर्त वमोजिम मोविलाइजेशन पेश्की फर्छ्यौट गर्नुपर्दछ ।

## मेची पहाडी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । समितिले आन्तरिक नियन्त्रण प्रणली तयार नगरेको, घर जग्गाको लगत राखेकोमा मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण तयार गरी लागू नगरेको, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नभएको, समितिको आय व्यायको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम नराखेको, समितिले आवश्यक नियम बनाउन सकेको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **नपाउने तलब खर्च :** मेची पहाडी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति गठन आादेश, २०६८ मा अध्यक्ष पूर्णकालिन रहने व्यवस्था छैन । समितिको २०७२।०६।१० वसेको वैठकको बुदाँ नम्बर ७ मा गरिएको निर्णयबाट समितिका अध्यक्षलाई मासिक रु १५,०००।- का दरले दिने व्यवस्था रहेको छ । अध्यक्ष समितिको वैठक र कार्यक्रम अनुगमन वाहेक नियमित हाजिर समेत हुनु नपर्ने हुँदा पूर्णकालिन अध्यक्ष नरहेको अवस्थामा अवैतनिक नियुक्ती हुने भएकोले निजलाई पारिश्रमिक दिन मिल्ने देखिदैन । समितिले अध्यक्षलाई २०७२ आश्विन देखि आषाढ सम्म दशै खर्चसमेत ११ महिनाको रु.१,६५,०००।-भूक्तानी दिएकोमा मासिक पारिश्रमिक दिने आधार विना खर्च लेखेको असुल गर्नुपर्दछ ।

३. **सम्झौता भन्दा वढी भूक्तानी :** उपभोक्ता समितिलाई सम्झौतामा उल्लेख गरिए वमोजिमको मात्र नगद भूक्तानी रकम मात्र भूक्तानी दिनु पर्दछ । समितिले २ वटा उपभोक्ता समितिलाई सम्झौता नगद भूक्तानी दिने भनी उल्लेख गरिएको भन्दा वढी रु.९८,५२५।- रकम भूक्तानी दिएको छ । भूक्तानी पाउने भन्दा वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

## शैक्षिक तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । केन्द्रमा खरिद इकाई गठन नभएको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, पुराना मालसामानको मूल्य नखुलेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, आर्थिक

कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नभएको, तालुक कार्यालयले निरीक्षण गरेको देखिएको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

## सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, घर जग्गाको लगत राखेकोमा मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु गरेको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **कार्यतालिका अध्यावधिक :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५१ को उपदफा १(३) बमोजिम निर्माण कार्यको सम्झौता गर्दा कार्य सम्पादन तालिका पेश गरी तालिकाको सीमा भित्र रही निर्माण कार्य गर्नुपर्ने र प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने र कार्यतालिका अध्यावधिक नगरेमा ठेक्का अंक अनुसार रु.१,५०,०००।- देखि रु.३,००,०००।- सम्म भूक्तानी रोक्का राख्ने व्यवस्था छ । खरिद सम्झौता गरेका निर्माण चरणमा रहेका सवै ठेक्काहरु कार्यतालिकामा तोकिएको समयसीमामा रही कार्य नगरेकोमा कार्यतालिका अध्यावधिक नगर्ने निर्माण व्यवसायीको भूक्तानी रोक्का गरेको छैन । कार्यतालिका वमोजिम काम नगर्ने र अध्यावधिक नगर्ने निर्माण व्यवसायीको तोकिएको दरवाट भूक्तानी समेत रोक्का राखी सम्झौता प्रभावकारी रुपमा लागु गरी समयमा ठेक्का सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ ।

३. **कन्टेन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ कन्टीजेन्सी खर्च गर्न सक्ने व्यवस्था गरेको छ । अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र अनुसार निर्माण शीर्षकमा विनियोजित बजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी बापतको रकम मध्येबाट २ प्रतिशत पुंजी निर्माण तथा सम्पति खरिद सम्बन्धी शीर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमती लिई खर्च गर्ने उल्लेख छ । शहरी विकाश तथा भवन निर्माण विभागले एक वाहेक सवै कार्यक्रमको कन्टेन्जेन्सी रकमको १ प्रतिशत केन्द्रमा राखेको र कार्यालयले कूल पूजीगत खर्च रु.२५,६१,०८,०७५।- गरेकोमा कन्टेन्जेन्सीतर्फ खर्च रु.१,१२,६०७९०।- जुन खर्च कूल खर्चको ४.३९ प्रतिशत रहेको छ । कार्यालयले योजनागत खर्च देखिने गरी अभिलेख नराखेको र कन्टेन्जेन्सी खर्चको छुट्टै अभिलेख समेत नराखेकोले योजनागत कन्टेन्जेन्सी खर्च भिडान नहुने हुँदा तुलनायोग्य तथा पारदर्शी अभिलेख राख्नुपर्ने देखिन्छ ।

४. **उपभोक्ता समितिबाट निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा लाभाग्राही समुहले हरेक किस्ताको कामको प्राविधिक मूल्यार्कन वील र खर्च प्रमाणित गर्न अन्य कागजात त्यस्ता समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लाभग्राही समुहले मूल्य अभिबृद्धि कर दर्ता नभएका वा खरिद गरेका निर्माण सामाग्रीको बिजक पेश नगरेकोमा पनि त्यस्ता बिलको १.५% कर कटाउने गरेको छ । मूल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको बिजक नलिई यसरी भुक्तानी गर्नाले कर दाखिला नहुने हुँदा बिजक लिई उपभोक्ताको कामको भुक्तानी गर्नुपर्दछ ।

५. **अग्रिम पेश्की जमानत :** निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको शर्त मा पेश्कीबापत जमानत निर्माण व्यवसायीले सो पेश्की फछ्र्यौट गरिसक्ने अवधि सम्मको लिने र फछ्र्यौट गरिसक्ने अनुमानित अवधि भित्र फछ्र्यौट हुन नसकेमा त्यस्ता जमानतको म्याद थप्ने वा जमानत दिने बैंकबाट कार्यालयले जमानत बापतको रकम मागदाबी गरी लिनुपर्ने व्यवस्था छ। एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रममा एक ठेक्कामा पेश्की जमानत म्याद समाप्त भएको छ । जमानत बेगरको पेश्की जोखिमा पर्ने भएकाले सम्झौताका शर्त अनुसार कारबाही गरी सुरक्षण व्यवस्था गर्नुपर्दछ ।

६. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धमा शर्तमा खरिद सम्झौताको १० प्रतिशत वा २०० दिन सम्मको प्रतिदिन ०.०५ प्रतिशतले लाग्ने व्यवस्था रहेकोमा खरिद सम्झौतामा निर्माण व्यवसायीले समयमा काम नगरेको र मनासिव माफिकको कारणवाट निर्माण व्यवसायीले पूर्व निर्धारित क्षतिपूर्ति भर्नु नपर्ने आधार नरहेको हुँदा सम्झौताका शर्त वमोजिम निर्माण व्यवसायीवाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

६.१ पशुपति नगर प्राथमिक स्वास्थ्य चौकी भवन निर्माण गर्ने निर्माण व्यवसायीले दोश्रो पटकको म्याद थप गरेको समय अर्थात २०७२।११।१ सम्म पनि कार्य सम्पन्न नगरेकोमा २०७३।१।२२ को विभागिय निर्णयमा २०७२।१।११ देखि २०७२।९।३० सम्म ६० दिनको हर्जाना लगाउने गरी म्याद थप गरेको देखिन्छ। खरिद सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १२१ क मा आशिंक पूर्वनिधारित क्षतिपूर्ति लिने व्यवस्था छैन । खरिद सम्झौता तथा नियमावलीको व्यवस्था प्रतिकूल विभागिय निर्णय भएतापनि सम्झौता अंकको ०.०५ प्रतिशतले ६० दिनको रु.१०,३०,९३२।८७ पूर्वनिधारित क्षतिपूर्ति समेत असुल गरेको छैन। खरिद सम्झौता अनुसार सो रकम निर्माण व्यवसायीवाट असुल गर्नुपर्दछ ।

६.२ प्राथमिक स्वास्थ्य केन्द्र मंगलवारे इलामको भवन निर्माणको लागि खरिद सम्झौता भएका एक निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेकोले २०७३।३।२७ को विभागिय निर्णयले १ महिना हर्जाना लगाउने गरी म्याद थप गरेकोमा निर्माण व्यवसायीवाट पूर्वनिधारित क्षतिपूर्ति असुल गरेको छैन । तोकिएको दरवाट ३० दिनको पूर्वनिधारित क्षतिपूर्ति रु.४,८५,५२९।१७ असुल गर्नूपर्दछ ।

७. **मुल्य परिमाणमा सवारी साधन :** सार्वजनिक लेखा समितिको २०६९/०१/८ को निर्णयमा लागत वृद्धिलाई नियन्त्रण गर्न सार्वजनिक निर्माण कार्यको बील अफ क्वान्टीटीमा सवारी साधन तथा निर्माणसँग प्रतक्ष सम्बन्ध नराख्ने आइटमहरु समावेश नगर्ने निर्देशन भएको छ । डिभिजनले २ वटा खरिद सम्झौतामा सवारी साधन भाडामा समावेश गरी रु.३०,३०,८००।- भुक्तानी दिएको छ । निमाण कार्यमा थप दायित्व पर्ने विषयमा अर्थमन्त्रालयबाट यस्तो कार्यमा खर्च गर्न स्वीकृती नदिएको साथै सार्वजनिक लेखा समितिको निर्णयको पालना नभएकोले अनियमित देखिएको छ ।

८. **बढी पेश्की :** निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा मोबिलाइजेशन पेश्की पहिलो किस्ता ठेक्का सम्झौता भएपछि सम्झौता अंकको ५ प्रतिशत र ठेक्काको काम शुरु गरी निर्माण कार्यस्थलमा मालसामान यन्त्र उपकरण र तेश्रो पक्षको बीमा गरेपछि १५ प्रतिशत मोबिलाइजेशन पेश्की दिने उल्लेख छ । कार्यालयले ३ ठेक्कामा बीमा भएको तथा ठेक्का परिचालन भई कम शुरु गरेको कुनै आधार नलिई पहिलो किस्तामा ५% ले हुने रु.२५,७५,४७१।- दिनुपर्नेमा रु.७८,००,०००।- मोबिलाइजेशन पेश्की दिएको छ ।सम्झौताको शर्त भन्दा फरक गरी बढी पेश्की दिनु नियमसंगत नभएकाले यसरी पेश्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९. **भारतीय दुतावास सहयोग :** नेपाल सरकारको भूक्तानी केन्द्रहरु न्यूनतम रुपमा राख्ने नीति अनुसार सवै सरकारी कारोवारहरु सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट गर्ने व्यवस्था गरेको

छ । डिभिजनले गत विगत वर्ष विद्यालय निर्माणको लागि भारतीय सरकारवाट प्राप्त भएको अनुदान रकम एकल कोष प्रणालीमा नलगी नेपाल एस वि आई वैकको खातामा रु.४९,३८,७०१।- राखेको छ । डिभिजनले यस वर्ष कुनै कारोवार नगरेको भएता पनि सरकारी नीति अनुकूल नहुने गरी छुट्टै वैक खातामा राखेको  एकल कोष  प्रणालीमा लैजानु पर्दछ ।

१०. **ठेक्काको म्याद थप** : सार्वजनिक खरिद नियामावली, २०६४ को नियम १२०(१) मा सम्झौता वमोजिमको काम सम्झौता अवधि भीत्र पुरा गर्न नसकी म्याद थपको लागी निवेदन दिएको व्यहोरा मनासिव देखिएमा छ महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढीको विभागीय प्रमुखले थप गर्न सकिनेमा कार्यालयले सम्झौताको म्याद समाप्त भएका ५ ठेक्काको लेखापरीक्षण अवधि सम्म थप नभएकाले नियमावलीको व्यवस्था तथा सम्झौताका शर्त अनुसार कारवाही गरी अध्यावधिक गर्नुपर्दछ ।

११. **वीमा** : निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा निर्माण समाग्री प्रयोग गरिने मेशिन औजार प्लान्ट निर्माण व्यवसायीले निर्माण स्थलमा ल्याएको उपकरण कर्मचारी कामदारको निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटि सच्चाउने अवधि सम्मको बिमा गर्नुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीले २ परिवार भवन निर्माण गर्नको लागि खरिद सम्झौता रु.८९,६५,४९५।४३ रहेका कामको निर्माण कार्यहरु गरेदेखि त्रुटि सच्चाउने अवधि सम्मका अवधिको बीमा गरेको प्रमाण पेश गरेको छैन । खरिद सम्झौतामा वीमाको व्यवस्था गरिएको भएता पनि निर्माण व्यवसायीवाट वीमा नगर्नाले सम्भावित दुर्घटनाको क्षतिपूर्ति नहुने हुँदा सम्झौताको शर्त अनुसार बिमा गराउनु पर्दछ ।

१२. **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार दिएको पेश्की नियमावलीको प्रकृया पुरागरी फछ्र्यौट गर्नुपर्दछ । मोविलाइजेशन वापत १४ निर्माण व्यवसायीलाई दिएको पेश्की रु.३,१४,१९,८९०।- फछ्र्यौट नभएकोले सम्झौताका शर्त वमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

## सिंचाई विकास डिभिजन

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्दछ । कार्यालयमा पुराना मालसमानको मूल्य नखुलेको,घर जग्गाको लगत राखे पनि मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम नभएको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको तथा तालुक कार्यालयले निरीक्षण गरेको छैन । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **दरवन्दी तथा पदपूर्ति** : निजामती सेवा नियमावली, २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालयम १५ स्वीकृत दरवन्दी रहेकोमा १० पद पुर्ति, ५ रिक्त, रिक्तमध्ये ४ जना करारमा र १ जना फाजिल रहेको छ ।कार्यालयको स्वीकृत दरवन्दीको पद पूर्ति नभएको हुँदा आवश्यक सेवाहरु प्रवाहमा असर पर्ने भएकाले रिक्त दरवन्दी पदपूर्ति गर्नु गर्नुपर्दछ ।

३. **वीमा भूक्तानी** :निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतामा वीमा वापतको रकम भुक्तानी गर्दा सक्कल वीमा लेख तथा सक्कल प्रिमियम तिरेको कर विजक पेश गरेपछि वीमा प्रिमियम रकम भुक्तानी दिने व्यवस्था छ । एक निर्माण व्यवसायीलाई वीमा रकम भुक्तानी गर्दा सक्कल वीमालेख

तथा सक्कल प्रिमियम बुझाएको विजक पेश नगरी रू.१,७०,०००।- भुक्तानी गरेको छ। संझौतामा व्यवस्था भएका प्रमाण नलिई भुक्तानी दिन नमिल्ने देखिएकोले आवश्यक प्रमाण पेश हुनुपर्दछ।

४. **म्याद थप** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १८० मा काम बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट सम्झौता अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको ७ दिन अगावै निवेदन प्राप्त भएमा सोही नियमको उपनियम (२) मा भएको व्यवस्थाको आधारमा म्याद थप दिन सक्ने व्यवस्था छ । कार्यालयले २ सिंचाई जल उपभोक्ता समितिले खरिद सम्झौता तोकिएको अवधि भित्र कार्य सम्पन्न नगरेकोमा म्याद थप माग नगर्दा पनि कुनै कार्वाही भएको छैन भने वांकी काम सम्पन्न गर्ने सम्वन्धमा कारवाही भएको छैन। सम्झौताका शर्त कार्यान्वयन गरी कार्य सम्पन्न गर्नु पर्दछ।

५. **खपत भन्दा बढी भुक्तानी** : निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतामा निर्माणमा उपयोग भइसकेका कार्य परिमाणको मात्र भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले २ ठेक्काका निर्माण व्यवसायीलाई ढुङ्गा भरेका परिमाण भन्दा वढी १४५ थान ग्यावियन जालीको मूल्य रु.४,७७,८५५।- भुक्तानी दिएको छ। उपयोग भन्दा वढी परिमाणको भूक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६. **भेरिएशन** : सार्वजनिक खरिद नियमावली२०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थपघट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएशन आदेश जारी गराई काम गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारको अवस्था देखिएको छ :

६.१ छिपछिपे सिंचाई योजनाको जल उपभोक्ता समितिलाई दिएको काममा पिसिसि फर आरसिसि१६० प्रतिशत वढी र रेनफोर्समेण्ट स्टील १४८ प्रतिशत आईटममा रु.११ लाख वढेकोमा भेरिएशन आदेश जारी गरेको पाइएन । यसका अलावा पिसिसि १:३:४,फर्माको काम र ग्यावियनको काम समेतमा थपघट गरी कार्य सम्पन्न गरेको छ। जसको प्राविधिक पुष्ट्याई समेत साइटमा खटिएका प्राविधिकवाट कार्यालयलाई जानकारी नदिई निर्माण कार्यलाई निरन्तरता दिएकोले भेरिएशन स्वीकृति वेगर निर्माण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६.२ कमलखोला सिंचाई जल उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार रु.७९,८२,०००।- को कार्य रु.५०,७६,२१०।- मात्र गरेको आधारमा कार्य सम्पन्न गरेको छ । उपभोक्ताले श्रमदानमा गर्नुपर्ने सप्लाई अफ वोल्डर एण्ड फिलिङ ग्यवियन क्रेट ७०० घ.मी गर्नुपर्नेमा ३९ घ.मी मात्र गरेकोमा नियमानुसार भेरिएशन स्वीकृती गरेको पाइएन। नियमानुसार भेरिएशन स्वीकृति गर्नुपर्ने कार्यमा सो बेगर नै कार्य सम्पन्न गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७. **सीमा भन्दा वढीको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७(१) मा ६० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट श्रमदानबाट गराउन सकिने व्यवस्था छ। कमलखोला जल उपभोक्ता समितिसँग नहर निर्माणको कायको छुट्टाछुट्टै २ वटा सम्झौता गरी रु.७७,९२,०००।- को कार्य गराएको छ। तोकिएको लागत अनुमान सीमा भन्दा बढीको काम उपभोक्ता समितिलाई दिन मिल्ने कानूनी व्यवस्था नभएकोले यस प्रकार गरी सम्झौता गर्ने गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८. **जनश्रमदान** : सिंचाई नीति, २०७० को प्रकरण १.६.५६ मा उपभोक्ता संस्थाले सम्झौता अनुरुप गर्नुपर्ने काम सम्झौतामा उल्लेखित समयमा पुरा नगरेमा नेपाल सरकारले लगानी स्थगित गरी

संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्न सक्ने व्यवस्था गरेको छ । यसैगरी सोही नीतिको अनुसूची १० मा उपभोक्ताले व्यहोर्नुपर्ने अंशलाई समेत अनिवार्य गरिएको छ । कार्यालयले ३ सिंचाई योजनामा उपभोक्ता समितिलाई नहर निर्माणको काममध्ये जनश्रमदान गर्नुपर्ने रु.६०,९१,९०५।- को काम रु.४१,२१,१७५।- मात्र गरेकोमा कार्य सम्पन्न गरेको छ । सम्झौता शर्त तथा नीतिको प्रावधान पुरा नगरी उपभोक्तालाई दिएको कार्य सम्पन्न गर्ने कार्य नीति अनुकुल नदेखिएकोले यस प्रकार कार्य सम्पन्न गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९. **कन्टीनजेन्सी खर्च** : नेपाल सरकार मन्त्री परिषदको २०७०।१।१५ को निर्णयानुसार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको २०७०।१।२४ को परिपत्र बमोजिम सार्वजनिक निर्माण शीर्षकमा विनियोजित बजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टीनजेन्सी वापतको रकममध्येबाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवयर निर्माण खरिद जस्ता पूजिँगत निर्माण तथा सम्पत्ति खरिद सम्बन्धि शीर्षकहरुमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिई अनिर्वाय रुपमा खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कुल सार्वजनिक निर्माण तथा पूँजिगत खर्चको नियम अनुसार कन्टीनजेन्सी खर्च २९ लाख ३९ हजार खर्च लेखेकोमध्ये कतिपय खर्च पूजीगत प्रकृतिका भएकोमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिएको छैन यस प्रकार खर्च गर्दा परिपत्र वमोजिम सहमति लिई खरिद गर्नुपर्दछ ।

१०. **हस्तान्तरण** : सिंचाइ नियमावलीको, नियम १० मा नेपाल सरकारले विकास गरेको कुनै परियोजना वा त्यस्तो परियोजनाको कुनै नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसालाई त्यस्तो नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसा सञ्चालन गर्ने उद्देश्यले दर्ता भएको उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्ने व्यहोरा उल्लेख छ । डिभिजन अन्तर्गत यसै वर्ष सम्पन्न भएको लोदिया खोला सिचाई योजना सम्पन्न गरेको भएतापनि उपभोक्तालाई हस्तान्तरण देखिएन । सम्पन्न भएका सिंचाई योजनाहरु हस्तान्तरण गरि  सिंचाई सुविधा उपयोग गर्ने उपभोक्ता समितिलाई जिम्मेवार र उत्तरदायी वनाई व्यवस्थित गर्नुपर्दछ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अर्न्तगत कोष तथा लेखा नियन्त्रक कार्यालयवाट ४३ कार्यालय र ७ कार्यालयको सम्वन्धित संस्थाको कानूनी व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २६ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस वर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका कार्यालयहरु ३५ मध्ये निम्न ९ कार्यालयको रु ३ करोड ५५ लाख ६६ हजार बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रु.हजारमा |
|---|---|---|---|---|
| १ | लोक सेवा आयोग | २१००१२३, २१०१०१४ | करार सेवामा रहेका कर्मचारीको तलव अन्य सेवा शुल्कवाट लेख्नुपर्नेमा तलव शीर्षकवाट लेखेको, भेरिएशन स्वीकृत नगरी भूक्तानी गरेको, हर्जाना असुल नगरेको | २५० |
| २ | कृषि अनुसन्धान केन्द्र जौवारी | ३१२१३६३ | सार्वजनीक खरिद नियमावली, २०६४ को पालना गरी खरिद गर्नु पर्नेमा नगरेको | सैदान्तिक दफा १२ |
| ३ | घरेलु तथा साना उद्योग विकास समिति | ३०७८०१४ | २ निर्माण व्यवसायीका नाममा मोविलाईजेशन-पेश्की | ४२८२ |
| ४ | जिल्ला प्रशासन कार्यालय | विभिन्न | कर्मचारीको महंगी भत्ता तलव शीर्षकवाट लेखेको | २ |
| ५ | जिल्ला प्रहरी कार्यालय | ३१४०२८४ | व्यवसायीका नाममा मोविलाईजेशन-पेश्की | ३०८३ |
| ६ | जिल्ला प्राविधिक कार्यालय | ३४९१०२४ ३६५८०६४ ३६५८४१४ | ५ निर्माण व्यवसायीका नाममा मोविलाईजेशन-पेश्की | २७८८८ |
| ७ | जिल्ला सरकारी वकिल कार्यालय | २१६०१३३ | करार सेवामा रहेका कर्मचारीको तलव अन्य सेवा शुल्कवाट लेख्नुपर्नेमा तलव शीर्षकवाट लेखेको | ३९ |
| ८ | महिला तथा वालवालिका कार्यालय | ३४०८०२३ | म.ले.फा.नं. १८ प्रमाणित नराखी २०७०।७१ को खर्च लेखेको | २१ |
| ९ | यातायात व्यवस्था सेवा कार्यालय | ३३७०२७३ | वढी ग्रेड खर्च लेखेको | १ |
| | | | **जम्मा** | ३,५५,६६ |

**(महेश्वर काफ्ले)**
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु हजारमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | इलाम अस्पताल इलाम | ११७५५ | ३ | ७५ | १३२२० | २५०५३ |
| २ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९८१६ | ४ | ७२ | १३५ | १००२७ |
| ३ | जिल्ला कृषि विकास कार्यालय | ५०७८५ | ४६ | ११२ | ० | ५०९४३ |
| ४ | जिल्ला वन कार्यालय | ५००२५ | ५६८६ | १६०२ | ६३० | ५७९४३ |
| ५ | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | ० | ११७९९८१ |
| ६ | जिल्ला शिक्षा कार्यालय | १०८५८५९ | १५९६३ | १४६ | २७५८ | ११०४७२६ |
| ७ | जिल्ला जनस्वास्थ्य कार्यालय | १३१९५६ | १९४७ | ९९ | ७८२६ | १४१८२८ |
| ८ | डिभिजन सडक कार्यालय | २११८०७ | ६९२५ | १७४२२ | ६८१०१ | ३०४२५५ |
| ९ | डिभिजन सहकारी कार्यालय | ७७९८ | १५५ | १२१ | ० | ८०७४ |
| १० | मालपोत कार्यालय | १८९११ | ३५९५० | १८०२ | ४२१३१ | ९८७९४ |
| ११ | मेची पहाडी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति | ३६३३० | ० | १५९० | ० | ३७९२० |
| १२ | सहरी विकास तथा भवन निर्माण डि.कार्यालय | २६३२६८ | ८५९९ | १२८९३ | ४९५४ | २८९७१४ |
| १३ | सिंचाई विकास डिभिजन | ९७५३६ | ३ | ६४६५ | ० | १०४००४ |
| १४ | शैक्षिक तालिम केन्द्र | ३९२५ | ७४ | २३ | १२ | ४०३४ |
| | **जम्मा** | **१९७९७७१** | **७५३५५** | **४२४२२** | **१३९७६७** | **३४१७२९६** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु.हजारमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | पुनरावेदन अदालत | २८७९८ | ३५३ | ११४ | ० | २९२६५ |
| २ | जिल्ला अदालत | १५३९७ | ३५३४ | १२७७२ | ० | ३१७०३ |
| ३ | लोक सेवा आयोग | १०१२० | ५२६४ | ५३ | ० | १५४३७ |
| ४ | जिल्ला निर्वाचन कार्यालय | ३९४४ | ३८ | ५ | ० | ३९८७ |
| ५ | पुनरावेदन सरकारी वकिल कार्यालय | ६२८२ | १० | ० | ० | ६२९२ |
| ६ | जिल्ला सरकारी वकिल कार्यालय | ३०८८ | ० | ० | ० | ३०८८ |
| ७ | अलैची विकास केन्द्र फिक्कल | १८११६ | २७९९ | ५०१ | ० | २१४१६ |
| ८ | इलाका प्रशासन मंगलवारे | १९७३ | ० | ० | ० | १९७३ |
| ९ | इलाका प्रहरी मंगलवारे | २७५९२ | ० | ० | ० | २७५९२ |
| १० | इलाका प्रहरी पशुपतिनगर | ५१६११ | ० | ० | ० | ५१६११ |
| ११ | करदाता सेवा कार्यालय | २८०९ | १७१२५२ | ० | ० | १७४०६१ |
| १२ | कारागार कार्यालय | १५०४४ | ० | १९ | ० | १५०६३ |
| १३ | कृषि अनुसन्धान केन्द्र जौवारी | २८४५८ | ० | ० | ० | २८४५८ |
| १४ | कालीध्वज गण गढीथुम्का व्यारेक | २४२०२९ | ३७ | १०३३ | ० | २४३०९९ |
| १५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ११२०२५ | १०९ | २९९८ | १०० | ११५२३२ |
| १६ | घरेलु तथा साना उद्योग विकास समिति | २१२६२ | २४८८ | १५७६ | ० | २५३२६ |
| १७ | चिया विस्तार योजना जसविरे | २२०४ | ० | ० | ० | २२०४ |
| १८ | चिया विस्तार योजना मंगलवारे | ३१९३ | ० | ० | ० | ३१९३ |
| १९ | चिया विस्तार योजना फिक्कल | ३१८४ | ० | ० | ० | ३१८४ |
| २० | जिल्ला प्रशासन कार्यालय | १६४०१ | ४०१०७ | ५१९ | ७००९ | ६४०३६ |
| २१ | जिल्ला प्रहरी कार्यालय | १०९३३८ | २३२ | १३६५ | ० | ११०९३५ |
| २२ | जिल्ला पशुसेवा कार्यालय | ६९५०२ | १३२ | ११० | ७४१ | ७०४८५ |
| २३ | जिल्ला भू-संरक्षण कार्यालय | २२२५९ | ० | ० | ० | २२२५९ |

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| २४ | जिल्ला वनस्पति कार्यालय | ८०५१ | ० | ० | ० | ८०५१ |
| २५ | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | ११७९९८ १ | ११७९९८१ |
| २६ | जिल्ला हुलाक कार्यालय | ३४२१५ | ७७५ | ३४ | ७१४७३ | १०६४९७ |
| २७ | जिल्ला प्राविधिक कार्यालय | ८८५५५ | २४६ | ५०६ | २५३९ | ९१८४६ |
| २८ | नापी कार्यालय | १५३६६ | २९५० | ४७१ | १९२ | १८९७९ |
| २९ | महिला तथा वालवालिका कार्यालय | १४२९३ | ६ | ० | १९४८ | १६२४७ |
| ३० | मेची अन्चल आर्युवेद औषधालय | ९४८२ | २१ | १७१ | ० | ९६७४ |
| ३१ | पशुपतिनगर भन्सार कार्यालय | ९३३८ | ९९३४ | ७९३७ | ० | २७२०९ |
| ३२ | वागवानी केन्द्र जौवारी इलाम | १४६७० | ९३ | ४७२ | ० | १५२३५ |
| ३३ | यातायात व्यवस्था सेवा कार्यालय | २७८७ | १३६३८ | ० | ० | १६४२५ |
| ३४ | राष्ट्रिय अनुसन्धान कार्यालय | ५०९७ | ० | ० | ० | ५०९७ |
| ३५ | ससस्त्र प्रहरी वल श्रीअन्तु | ६८५३४ | २१ | २२७ | ० | ६८७८२ |
| ३६ | सिमा प्रशासन कार्यालय | ११२३ | ० | ० | ० | ११२३ |
|  | **जम्मा** | **१०८६१४०** | **२५४०३९** | **३०८८३** | **१२६३९८३** | **२६३५०४५** |
| **कूल जम्मा** |  | **३०६५९११** | **३२९३९४** | **७३३०५** | **१४०३७५०** | **६०५२३४१** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु.हजारमा)

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | लोक सेवा आयोग | ३ | २५० | २ | ० | १ | ५ | २४५ | ० | २५० | ० | ० | ० |
| २ | जिल्ला सरकारी वकिल कार्यालय | १ | ३९ | ० | ० | १ | ० | ३९ | ० | ३९ | ० | ० | ० |
| ३ | इलाम अस्पताल इलाम | १२ | ३०७ | ५ | ० | ७ | ३०७ | ० | ० | ३०७ | २९ | ० | ० |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १० | ० | ८ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | कृषि अनुसन्धान केन्द्र जौवारी | १२ | ० | ११ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | घरेलु तथा साना उद्योग वि.स. | १ | ४२८२ | ० | ० | १ | ० | ० | ४२८२ | ४२८२ | ० | ० | ० |
| ७ | जिल्ला कृषि विकास कार्यालय | १० | ० | ४ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | जिल्ला प्राविधिक कार्यालय | १ | २७८८८ | ० | ० | १ | ० | १ | २७८८८ | २७८८८ | ० | ० | ० |
| ९ | जिल्ला विकास समितिको कार्यालय | ६९ | ५२६६५ | २८ | ० | ४१ | २१८० | १८२७० | ३२२१५ | ५२६६५ | ० | ० | ० |
| १० | जिल्ला जनस्वास्थ्य कार्यालय | २३ | ७५५ | १७ | ० | ६ | ० | ७५५ | ० | ७५५ | ० | ० | ० |
| ११ | जिल्ला प्रशासन कार्यालय | १ | २ | ० | ० | १ | ० | २ | ० | २ | ० | ० | ० |
| १२ | जिल्ला प्रहरी कार्यालय | १ | ६८६५ | ० | ३७८२ | १ | ० | ० | ३०८३ | ३०८३ | | ० | ० |
| १३ | जिल्ला वन कार्यालय | २४ | २३९ | ९ | ० | १५ | १७ | २२२ | ० | २३९ | ० | ० | ० |
| १४ | जिल्ला शिक्षा कार्यालय | २४ | १२७७४४ | १८ | ० | ६ | ५ | १२७७३९ | ० | १२७७४४ | ८ | ० | ० |
| १५ | मालपोत कार्यालय | १३ | २७४१ | ४ | ० | ९ | ६ | ४९७ | २२३८ | २७४१ | ० | ० | ० |
| १६ | मेचीपहाडी क्षेत्र पर्यटन प्रबर्द्धन वि. स | ९ | २५८ | ६ | ० | ३ | २५८ | ० | ० | २५८ | ४२ | ० | ० |
| १७ | डिभिजन सहकारी कार्यालय | ११ | १४८० | ४ | ० | ७ | ० | ० | १४८० | १४८० | ० | ० | ० |
| १८ | डिभिजन सडक कार्यालय | २० | ९११९ | १२ | ० | ८ | ० | १६७९ | ७४४० | ९११९ | ९८ | ० | ० |
| १९ | यातायात व्यवस्था सेवा कार्यालय | १ | १ | ० | ० | १ | १ | ० | ० | १ | ० | ० | ० |
| २० | महिला तथा वालवालिका कार्यालय | १ | २१ | ० | ० | १ | ० | २१ | ० | २१ | ० | ० | ० |
| २१ | शैक्षिक तालिम केन्द्र | ४ | ० | ३ | ० | १ | ० | ० | ० | ० | ४ | ० | ० |
| २२ | सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय | १८ | ३७७६८ | ६ | १८०२ | १२ | १५१६ | ३०३१ | ३१४२० | ३५९६७ | ० | १९९ | ० |
| २३ | सिचाई विकास डिभिजन | २० | ४३९५ | १० | १०३ | १० | ० | ४२९१ | ० | ४२९१ | ० | ० | ० |
| | **जम्मा** | **२८९** | **२७६८१९** | **१४८** | **५६८७** | **१४१** | **४२९५** | **१५६७९२** | **११००४६** | **२७११३२** | **१५२** | **१९९** | **३५१** |

**द्रष्टव्य :** 
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका दफा संख्यामा प्रतिक्रियावाट फछ्र्यौट र समायोजन गरी अनुसूचीमा वांकी दफा कायम गरिएको छ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | | रकम | व्यय | रकम | |
|---|---|---|---|---|---|
| **शुरु मौज्दात** | | ५१८६९ | **नेपाल सरकारबाटप्राप्त अनुदान** | | १४२९३१ |
| **आय खाता तर्फ** | | | ३६५८०१३ जिल्ला विकाससमिति अनुदान | ४१२५६ | |
| ३६५१११२ चालू अनुदानकोष खाता ग ४-१ | ०।०० | | ३६५८०२३ गाउँ विकाससमिति अनुदान | १०१६७५ | |
| ३६५११२२ पूँजिगतअनुदान कोषखाता ग ४-२ | ०।०० | | **जि.वि.स.कोष खर्च** | | ३८१९३ |
| ३६५११३२ आन्तरिकआम्दानी कोष खाता ग ४-३ | ३९७ | | १०११२३३ जिविसआन्तरिक चालू खर्च खाता | ७३५९ | |
| ३६५११४२ राजस्वबाँडफाँड आम्दानी कोष खाता ग | ३६५८ | | १०११२४४ जिविसआन्तरिक पूँजिगत खर्च खाता | २४७४ | |
| ३६५११५२ बैदेशिकदातृराष्ट्र वा अन्य संस्था ऋण | २५०६ | | १०११२५४ राजस्वबाँडफाँड खर्च खाता | १३९५ | |
| **विशेष कोष तर्फ** | | | १०११२७३ वैदेशिक ऋणतथा अनुदान चालू खर्च खाता | १८३२ | |
| ५०११४१५ कर्मचारीकल्याण कोष खाता | ३६९९ | | १०११२८४ बैदेशिक ऋणतथा अनुदान पूँजिगत खर्च | ८७१९ | |
| ५०११४२५ मर्मत सम्भारकोष खाता | ६५७ | | १०११२९३ जिविस विविधचालू खर्च खाता | ६९ | |
| ५०११४३५ स्थानीयविकास घुम्ती कोष खाता | १५१० | | ५०११४१५ कर्मचारीकल्याण कोष खाता | ४३३८ | |
| ५०११४३५ प्रकोपव्यवस्थापन कोष खाता | १८४९ | | ५०११४२५ मर्मत सम्भारकोष खाता | ४१११ | |
| ५०११४३५ मानव सशाधनविकास कोष खाता | ३४९ | | ५०११४३५ स्थानीयविकास घुम्ती कोष खाता | ० | |
| ५०११४३५ वातावरणविकास कोष खाता | ४०५० | | ५०११४३५ प्रकोपव्यवस्थापन कोष खाता | ३५६ | |
| ५०११४३५ गरिवी निवारणतथा सामाजिक परिचालन कोष खाता | ७१७८ | | ५०११४३५ मानव सशाधनविकास कोष खाता | ४०१ | |
| ५०११४३५ महिला तथाबाल विकास कोष खाता | ४६१ | | ५०११४३५ वातावरणविकास कोष खाता | ४४४२ | |
| ५०११४३५ स्थानीयविकास कोष कार्यक्रम | ११८४ | | ५०११४३५ महिला तथाबाल विकास कोष खाता | ११०० | |
| धरौटी | २४३७१ | | ५०११४३५ स्थानीयविकास कोष कार्यक्रम सञ्चालन खाता | १५९७ | |
| **नेपाल सरकारबाटप्राप्त अनुदान** | | १४२९३१ | | | |
| ३६५८०१३ जिल्ला विकाससमिति अनुदान | ४१२५६ | | **धरौटी** | | २३२९९ |
| ३६५८०२३ गाउँ विकाससमिति अनुदान | १०१६७५ | | खर्च | २३२९९ | |
| **यस वर्षकोआम्दानी** | | ६४९६४ | **जिम्मेवारीमौज्दात** | | |
| **आय खाता तर्फ** | | | **लगानीमौज्दात** | | ७९४४ |
| ३६५१११२चालू अनुदान कोष खाता ग ४ - १ | ०।०० | | ५०११४१५कर्मचारी कल्याण कोष खाता | २६३९ | |
| ३६५११२२पूँजिगत अनुदान कोषखाता ग४-२ | ०।०० | | ५०११४३५गरिवी निवारण , सामाजिक परिचालन कोष | ५३०५ | |
| ३६५११३२आन्तरिक आम्दानी कोषखाता ग ४-३ | १५३३९ | | **बैंक मौज्दात** | | ८१७७८ |
| ३६५११४२राजस्व बाँडफाँड आम्दानी कोष खाता ग | ६९०१ | | **आय खाता तर्फ** | | |
| ३६५११५२बैदेशिक दातृराष्ट्र वा अन्य संस्था ऋण तथा अनुदान कोष खाता ग ४ –५ | ३३०८८ | | ३६५१११२चालू अनुदान कोष खाता ग ४ - १ | ०।०० | |
| ३६५११६२आन्तरिक तथा विविध आम्दानी कोष | ०।०० | | ३६५११२२पूँजिगत अनुदान कोष खाता ग ४-२ | ०।०० | |
| **विशेष कोष तर्फ** | | | ३६५११३२आन्तरिक आम्दानी कोषखाता ग ४-३ | १८८४ | |
| ५०११४१५कर्मचारी कल्याण कोष खाता | १५७९ | | ३६५११४२राजस्व बाँडफाँड आम्दानी कोष खाता ग४ | ८२६६ | |
| ५०११४२५मर्मत सम्भार कोष खाता | २५९० | | ३६५११५२बैदेशिक दातृराष्ट्र वा अन्य संस्था ऋण तथा अनुदान कोष खाता ग ४–५ | २४९९३ | |
| ५०११४३५स्थानीय विकास घुम्ती कोष खाता | १०० | | ३६५११६२आन्तरिक तथा विविध आम्दानी कोष खाता | ०।०० | |
| ५०११४३५प्रकोप व्यवस्थापन कोष खाता | २७५ | | **विशेष कोष तर्फ** | | |
| ५०११४३५मानव सशाधन विकास कोष खाता | २०४ | | ५०११४१५कर्मचारी कल्याण कोष खाता | २३०१ | |
| ५०११४३५वातावरण विकास कोष खाता | २२८७ | | ५०११४२५मर्मत सम्भार कोष खाता | ३५ | |
| ५०११४३५गरिवी निवारण तथा सामाजिक कोष | ५१६ | | ५०११४३५स्थानीय विकास घुम्ती कोष खाता | १६१० | |
| ५०११४३५महिला तथा बाल विकास कोष खाता | ७३० | | ५०११४३५प्रकोप व्यवस्थापन कोष खाता | १७६७ | |
| ५०११४३५स्थानीय विकास कोष कार्यक्रम सञ्चालन खाता | १३५५ | | ५०११४३५मानव सशाधन विकास कोष खाता | १५१ | |
| **धरौटी** | | ३४३८० | ५०११४३५वातावरण विकास कोष खाता | १८९५ | |

| आय | | रकम | व्यय | रकम | |
|---|---|---|---|---|---|
| धरौटी आय | ३४३८० | | ५०११४३५गरिवी निवारण तथा सामाजिक परिचालन कोष खाता | २३८९ | |
| **केन्द्रियबजेट शिर्षक अन्तरगतका कार्यक्रमहरुको निकासा** | | **३६११८४** | ५०११४३५महिला तथा बाल विकास कोष खाता | ९२ | |
| 3081093 रोयल्टी ब्यवस्थापन तथा वितरण | ६८२ | | ५०११४३५स्थानीय विकास कोष कार्यक्रम सञ्चालन खाता | ९४२ | |
| 3250113संस्कृति पर्यटन तथा नागरिक उड्डयन | ३६०० | | धरौटीमौज्दात | ३५४५३ | |
| 3251064 पर्यटन पूर्वाधार विकास आयोजना | ४०० | | **कोष तर्फको जम्मा** | | **२९४१४५** |
| 3498013 स्थानीय शान्ति समिति | ५२३ | | **केन्द्रियबजेट शिर्षक अन्तरगतका कार्यक्रमहरुको निकासा** | | **३६११८४** |
| 3650153 जेष्ठनागरिकतथा एकल महिला सुरक्षा | १९९९७१ | | 3081093 रोयल्टी ब्यवस्थापन तथा वितरण | ६८२ | |
| 3651014 बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास | ६०० | | 3250113 संस्कृति पर्यटन तथा नागरिक उड्डयन | ३६०० | |
| 3651043 स्थानीय निकाय वित्तिय आयोग | ३६३ | | 3251064 पर्यटन पूर्वाधार विकास आयोजना | ४०० | |
| 3651063 उपेक्षित उत्पिडित र दलित बर्ग उत्थान विकास | २७५ | | 3498013 स्थानीय शान्ति समिति | ५२३ | |
| 3658043 ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | ३७२४ | | 3650153 जेष्ठनागरिक तथा एकल महिला सुरक्षा व्यवस्था | १९९९७१ | |
| 3658044 ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | ६००० | | 3651014 बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति | ६०० | |
| 3658084 स्थानीय यातायात पूर्वाधार क्षेत्रगतकार्यक्रम | २०९९४ | | 3651043 स्थानीय निकाय वित्तिय आयोग | ३६३ | |
| 3658094 झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २०९६५ | | 3651063 उपेक्षित उत्पिडित र दलित बर्ग उत्थान | २७५ | |
| 3658193 स्थानीय शासन तथा सामुदायिक विकास | २०६२३ | | 3658374 साना सिचाइ नदी नियन्त्रण र अन्य पूर्वाधार विकास | ६५१६ | |
| 3911053 राष्ट्रिय स्वयंसेवक सेवाको संस्थागत विकास | ११९ | | 3658044 ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | ६००० | |
| 3658374 साना सिचाइ नदी नियन्त्रण र अन्य पूर्वाधार | ६५१६ | | 3658084 स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २०९९४ | |
| 3658453 गरीवसँग विश्वेशर कार्यक्रम | २०६२ | | 3658094 झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २०९६५ | |
| 3658503 निर्वाचन क्षेत्र विकास कार्यक्रम | ६१००० | | 3658193 स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | २०६२३ | |
| 3658314 स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँचसुधार परियोजना | १४८३ | | 3658314 स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | | |
| 3658514 आर्थिक केन्द्र तथा दुइ जिल्ला जोड्ने सडक | १०५१२ | | 3658043 ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | ३७२४ | |
| 6010143 सञ्चित विदा | ४११ | | 3658453 गरीवसँग विश्वेशर कार्यक्रम | २०६२ | |
| 6010183 औषधिउपचार | ३६१ | | 3658503 निर्वाचन क्षेत्र विकास कार्यक्रम | ६१००० | |
| **राजश्व असुली(नेपाल सरकार)** | | **५४५७** | 3658514 आर्थिक केन्द्र तथा दुइ जिल्ला जोड्ने सडक | १०५१२ | |
| | | | 3911053 राष्ट्रिय स्वयंसेवक सेवाको संस्थागत विकास | ११९ | |
| | | | 6010143 सञ्चित विदा | ४११ | |
| | | | 6010183 औषधिउपचार | ३६१ | |
| | | | **राजश्व दाखिला(नेपाल सरकार)** | | **५४५७** |
| **केन्द्रिय कार्यक्रम तर्फको जम्मा** | | **३६६६४१** | **केन्द्रिय कार्यक्रम** तथा राजस्व दाखिला समेत**को जम्मा** | | **३६६६४१** |
| **कूल जम्मा** | | **६६०७८६** | **कूल जम्मा** | | **६६०७८६** |

## जिम्मेवार पदाधिकारीको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | लोक सेवा आयोग | श्री शिवकुमार कार्की | श्री चन्द्रवहादुर सुव्वा/ सुरेन्द्र कुमार सुव्वा |
| २ | जिल्ला सरकारी वकिल कार्यालय | श्री ऋद्दिनाथ निरौला | श्री रोशन भट्ट |
| ३ | इलाम अस्पताल इलाम | डा. फणिन्द्र, वराल/प्रभु साह | श्री चित्रप्रसाद दाहाल/ नारायणप्रसाद अधिकारी |
| ४ | कृषि अनुसन्धान केन्द्र जौवारी | श्री केशव प्रसाद श्रेष्ठ | श्री शोभितलाल यादव/ प्रेमनारायण शर्मा |
| ५ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री भेष प्रसाद भुर्तेल/रविन कोइराला | श्री गणेशप्रसाद आचार्य |
| ६ | घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय | श्री नवराज राउत | श्री नारायणप्रसाद खत्री |
| ७ | जिल्ला कृषि विकास कार्यालय | श्री प्रकाश डांगी | श्री भीमप्रसाद वजगाई |
| ८ | जिल्ला प्रशासन कार्यालय | श्री विष्णुकुमार कार्की/जनकराज दाहाल | श्री भिष्मप्रसाद दाहाल |
| ९ | जिल्ला प्रहरी कार्यालय | श्री शुशिलकुमार यादव/ प्रकाशराम भट्ट | श्री नुमराज केसी |
| १० | जिल्ला वन कार्यालय | श्री तीर्थराज जोशी/भरतबाबु श्रेष्ठ | श्री कल्पनादेवी न्यौपाने |
| ११ | जिल्ला विकास समितिको कार्यालय | श्री मदन कोइराला | श्री यादव अधिकारी/ मदनलहरी आचार्य |
| १२ | जिल्ला प्राविधिक कार्यालय | श्री ओमप्रसाद ढुङ्गाना | श्री प्रदिपराज कोइराला |
| १३ | जिल्ला शिक्षा कार्यालय | श्री रामप्रसाद पाण्डे/टंकप्रसाद गौतम | श्री केशव भट्टराई/रविन राई |
| १४ | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री राजकुमार पोखरेल | श्री गोविन्दप्रसाद दहाल/ नारायणप्रसाद अधिकारी |
| १५ | डिभिजन सडक कार्यालय | श्री शिवलाल दाहाल | श्री कृष्णप्रसाद दाहाल/ श्री ठमेन्द्र पौडेल |
| १६ | डिभिजन सहकारी कार्यालय | श्री दुर्गाप्रसाद न्यौपाने/लालवहादुर श्रेष्ठ | श्री धनराज खत्री |
| १७ | महिला तथा वालवालिका कार्यालय | श्री स्किम श्रेष्ठ | श्री ज्वाला प्रसाद घिमिरे |
| १८ | मालपोत कार्यालय | श्री रोशनशंकर घिमिरे/ठाकुरप्रसाद सिग्देल | श्री नानुका भट्टराई |
| १९ | मेची पहाडी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति | श्री सदिक्षा काकी/केशवकुमार धौराली | श्री सन्जीव पौड्याल |
| २० | यातायात व्यवस्था सेवा कार्यालय | श्री श्याम न्यौपाने/राजनप्रसाद पौडेल/दुर्गाप्रसाद दुलाल | श्री महेन्द्र चौहान |
| २१ | शैक्षिक तालिम केन्द्र | श्री वावुराम पोखरेल | श्री गणेशप्रसाद आचार्य |
| २२ | सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय | श्री कुमारप्रसाद घिमिरे | श्री रमेशहरि अधिकारी |
| २३ | सिंचाई विकास डिभिजन | श्री वद्री कार्की | श्री भवेन्द्र भट्टराई |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np